Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ४२, २०८२ साल असार ३ गते मंगलबार (JUN 17, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# फेसबुकमा 'अलबिदा' लेखेर सम्पर्कविहीन भएका डाक्टर बालाजुमा फेला



**काठमाडौं–** फेसबुकमा 'अलबिदा' लेखेर सम्पर्कविहीन भएका चिकित्सक बालाजुमा फेला परेका छन् ।

डा.केशव श्रेष्ठलाई बालाजुबाट सकुशल उद्धार गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले बताएको छ । उनलाई प्रहरीले भद्रकालीमा ल्याउँदै छ ।

# प्रधानमन्त्रीको स्पेन भ्रमण मन्त्रिपरिषद्बाट स्वीकृत

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको स्पेन भ्रमण मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको भ्रमण स्वीकृत गरेको एक मन्त्रीले जानकारी दिए ।

आउँदो असार १४ गतेबाट २० गतेसम्मका लागि भ्रमण स्वीकृत भएको हो ।

» बाकी ६ पृष्ठमा

# असारमा बजेट सक्न हतारहतारमा काम

■ मोहन कार्की

**काठमाडौं–** नेपालमा जव असार लाग्छ देशभरीका कामहरु भटाभट गर्न थालेको देखिन्छ । जवकी संघले जेठ १५ प्रदेशले असार १ र स्थानीय तहहरुले असार १० गतेसम्म वजेट प्रस्तुत गरिसक्नुपर्ने प्रावधान २०७२ को संविधानमा उल्लेख छ । सोही अनुसार तिनै तहको सरकारले बजेट प्रस्तुत गर्दै आएका छन् ।

यसरी वजेट प्रस्तुत भईसकेपछि साउनवाट नै कार्यक्रमहरुको लागि काम थालेर ११ महिनामा सवै कामहरु सकेर यो असार महिना आउदो वर्षको लागि योजना बनाई तर्जुमा गर्न लाग्नुपर्ने वेला हो । त्यस्तो नेपालमा भएको देखिदैन ।

अन्य विकटका जिल्लाहरुमा त परकै कुरा भयो । काठमाडौ उपत्यकामा समेत अचेल असारको समयमा सडक खन्ने पेटी हाल्ने काम गरिरहेका छन् । सडक खनेका ठाउँहरुमा माटो थुपारिएको त्यही माटो घाम लाग्दा धुलो पानी पर्दा हिलोमा परिणत हुदा उपत्यकावासीहरु धुलोमा नाक थुन्दै हिलोमा लतपतिदै हिडेको देखिन्छ । उपत्यकावासीहरुलाई त हिलो र धुलो वाहेक अरु समस्या छैन । तर पाहाडी, हिमाली क्षेत्रमा असारको वेला सडक, कुलो बनाउदा खन्दा पाहाडमा माथिवाट पैरो आउने जोखिम हुन्छ ।



एकतिर मानवको लागि जोखिम अर्कोतर्फ हतारमा गरिएको काम दिगो, अर्थात बलियो नहुदा विकासको बजेट समेत प्रभावकारी नहुने देखिन्छ । यस्ता चलनलाई सधैको लागि अन्त्य गर्न सम्बन्धित निकायहरुले समयमा नै दृढ इच्क्षा शक्ति लिएर काम थाल्नुपर्ने देखिन्छ ।

समयमा काम सम्पन्न विकास निर्माणका कामहरु गुणस्तर, जनताले समयमा सहज ढंगवाट सेवा, सुविधा पाएभने सरकारले गरेको राम्रो काम देखेर सेवा पाएको महसुस गरेर उत्साहित हुनेछन् ।

तर अवस्था त्यस्तो छैन । जनताले बाटोमा हिड्दा बाटो भत्काएको अवरोध भएको असारमा नै देखेपछि असारे बजेट सक्न काम गर्दै रहेछन् भनेर अरोप लगाउनु स्वभाविक हो । त्यही काम भदौमा, असोजमा, कार्तिम, मंसिरमा, पुषमा, माघमा, फागुनमा, चैत्रमा, वैशाखमा जेठमा गरेको भए वा त्यो

» बाकी ६ पृष्ठमा

# धवल शमशेरलाई ३ लाख धरौटीमा छाड्न आदेश

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महामन्त्री एवं सांसद धवल शमशेर जबरालाई ३ लाख धरौटीमा छाड्न आदेश भएको छ ।

न्यायाधीश शिवप्रसाद खनालको एकल इजलासले उनलाई धरौटीमा छाड्न आदेश जारी गरेको हो । जबरा सोमबार काठमाडौं जिल्ला अदालतमा हाजिर भएका थिए ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्र भने अझै सम्पर्कमा छैनन् ।

गत चैत १५ गते राजावादीहरुले तीनकुनेमा आयोजना गरेको प्रदर्शन हिंसात्मक बनाउन भूमिका खेलेको आरोपमा प्रहरीले मिश्र र राणालाई पक्राउ गरी



मुद्दा चलाएको थियो । राणा र मिश्र हाजिरी जमानीमा छुटेका थिए ।

प्रदर्शनका मुख्य कमाण्डर दुर्गा प्रसाईंसहित ७ जना भने पुर्पक्षका लागि थुनामा छन् ।

# सूचना प्रविधि क्षेत्रको विकासका लागि तीन तहको सरकारबीच सहकार्य जरुरी : मन्त्री गुरुङ




**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले सूचना प्रविधि क्षेत्रको विकासका लागि तीन वटै तहका सरकारबीच सहकार्य जरुरी रहेको बताएका छन् ।


मन्त्रायले सोमबार राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस-२०८२ को समीक्षा तथा प्रशंसा-पत्र वितरण कार्यक्रममा मन्त्री गुरुङले सूचना प्रविधिको विकास स्थानीय तहसम्मै व्यापक हुनुपर्नेमा जोड दिए ।

उनका अनुसार आइटी दिवसलाई सरकारले उत्सवका रुपमा मनाउनुपर्ने र युवा पुस्तालाई जति सक्दो प्रोत्साहित गर्ने कार्यक्रम ल्याउन आवश्यक रहेको बताए ।

'यो दिवस देशभर उत्सवका रुपमा मनाउनुपर्छ, नयाँ जनशक्तिको हौसला बढाउनका लागि थप गतिविधिहरु बढाउन आवश्यक छ', मन्त्री गुरुङले भने ।

नेपाल सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले सरकारले डिजिटल नेपाल फ्रेमवर्क(डिएनएफ) को मस्यौदा अन्तिम चरणमा

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४२, २०८२ साल असार ३ गते मंगलबार (JUN 17, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### नेपालका पेट्रोलपम्पहरूले गर्ने ठगी नियन्त्रण गर

नेपालमा पेट्रलपम्पहरुमा हुने ठगीको वारेमा काही कतै सुनुवाई नहुने चलन बढ्दै गएको छ । एकतिर अहिलेपनि डिजिटल प्रविधि प्रयोग गरेका छैनन् । पुरानै डिजिटल राखेर कतिपय पेट्रोलपम्पहरुले कारोबार गरिरहेका छन् । कतिपय नयाँ डिजिटल प्रविधिका नयाँ पेट्रालपम्पहरुमा मिटर बिगारेर तेल बेचिरहेको हुन सक्ने अनुमान छ ।

कतिपय ग्रहकहरुले बाइकमा, गाडीमा तेल भर्दा तोकेको जति तेल नहुने गरेको भन्ने गुनासोहरु जताततै सुन्न पाईन्छ । कतिपय पेट्रोलपम्पले मिसावट गरेर समेत बेचबिखन गरिरहेको भन्ने भनाई तेल प्रयोग गर्ने ग्रहकहरुले कुराकानी गरेको सुन्न पाईन्छ ।

यस्ता विषयमा नेपाल आयल निगमले अनुगमन गरेर त्यस्ता गलत काम भएका रहेछन् भने गलत गर्ने पेट्रोलपम्पहरुलाई कारवाही गर्नुपर्ने हो । तर नेपाल आयल निगम नै यस्ता काला ब्यापारीहरुसँग मिलेको होकी भन्ने आशंकाहरु उत्पन्न भएका छन् ।

पटक पटक पेट्रोलपम्पहरुले ठगी गरेको भनेर गुनासो आईरहदा समेत नेपाल आयल निगमका सम्बन्धित निकायले चासो नदिनुले कतै पेट्रोलको ठगी धन्दामा आयल निगमकै महत्वपूर्ण कर्मचारीको मिलेमतो त छैन । भन्ने प्रश्नहरु उठ्न थालेका छन् । माथि ग्रहकहरुले पटक पटक पेट्रोलपम्पहरुले लिटरमा ठडिएको अनुभव गरेपछि गुनासो गर्दा आयल निगमले चासो नदिदा यस्ता कालो बजारी गर्न गराउन प्रोत्साहन आयल निगमले पनि गरेको हुनसक्ने आधार देखिन्छ । त्यसैले समयमा सम्बन्धित निकायलको ध्यान जाओस् ।

# स्वार्थपूर्तिका लागि सम्झौता



केशव अधिकारी

“आफूलाई कार्ल मार्क्स, एङ्गेल्स, माओत्सेतुङका चेला भनेर गर्वसाथ चिनाउन खोज्नेहरु हुन् कि स्वर्गीय मनमोहन अधिकारी, कमरेड पुष्पलालका चेला भनेर चिनाउनेवाला हुन्, ती सबैको छवि ज्यादै धूमिल भएर जान थालेको छ । स्वर्गीय बीपी कोइरालाका चेलाको हालत पनि कम नाजुक छैन । केवल बीपीको फोटोमा माला लगाएर उनका सिद्धान्त लागू गर्न सकिने वा लागू हुने कदापि होइन । यिनलाई धुमिल बनाउने काम नेतृत्वको अकर्मण्यताले गर्दा भएको कुरा ठहर गर्न सकिन्छ ।”

निकै दिनअगाडिदेखि संसद् अवरुद्ध गर्दै आएको माओवादी केन्द्रले अन्त्यमा आएर दुईबुँदे सहमतिलाई मान्दै सरकारसँग सम्झौता गरेको छ । माओवादी केन्द्रका अध्यक्ष कमरेड प्रचण्डले धेरै समय संसद् अवरुद्ध हुँदा धेरै कुरा बिग्रन सक्ने कुरा बताउँदै आफ्नो राजनीतिक दलले सरकारसँग दुईबुँदे सहमति गरेर संसद् खुलाउने प्रयास गरेको कुरा बताएका छन् । रास्वपालगायतका अन्य राजनीतिक दलले भने संसद् अवरुद्ध गर्ने कामलाई निरन्तरता दिँदै कमरेड प्रचण्डले आफूहरूलाई धोका दिएको भन्ने आरोप लगाएका छन् । उनीहरू सबै विपक्षी दलहरूले केपी ओली नेतृत्वको सरकारका गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गर्दै संसद् अवरुद्ध गरेका हुन् । गृहमन्त्री रमेश लेखकलाई भिजिट भिसा प्रकरणमा अर्बौं रुपियाँ आर्थिक अनियमितता गरेको आरोप लागाइएको छ । स्वयं गृहमन्त्री लेखक भने उक्त आरोपको खण्डन गर्दै आफूले कुनै अनियमितता नगरेको भन्ने खालका जवाफ दिन खोजिरहेका छन् । उनलाई मानव बेचबिखन गर्ने तस्करको रुपमा समेत लिने गरिएको देखिन्छ । भर्खरै आरोप लाग्दै गर्दाको अवस्थामा गृहमन्त्री लेखकले राजीनामा दिनुपर्ला कि भन्ने मानसिकता नबनाएका पनि होइनन् । तथापि प्रम ओलीको बलियो आश्वासन पाएका हुनाले गृहमन्त्रीको पदबाट राजीनामा दिनु नपर्ने मानसिकतामा पुगेका हुन् । अर्को कुरा के भने, गृहमन्त्रीप्रतिको यो रबैयालाई कमरेड प्रचण्डले पनि केही समय साथ दिएको जस्तो देखिने गरी राजीनामा नै पो दिन बाध्य पार्ने हुन् कि भनेजस्तो धेरैलाई लागेको थियो । तर अन्त्यमा दुईबुँदे सहमति अरुलाई देखाउने र सरकार-माओवादी राजीतिक दलको मिलनको औचित्य पुष्टि गर्ने प्रमाणका आधारका रुपमा जुटाउँदै ओली सरकारसँग सम्झौता गर्न तयार भए ।

कमरेड प्रचण्डले ओली सरकारसँग दुईबुँदे सहमति गरेपश्चात् प्रचण्डलाई साथ दिएर गृहमन्त्री रमेश लेखकलाई राजीनामा गर्न बाध्यात्मक अवस्था बनाउन लागिपरेका अन्य राजनीतिक दलहरुले प्रचण्डको दोहोरो चरित्रको बारेमा बखान गर्न शुरु गरेका छन् । यो दोहोरो र धोखेबाज चरित्रले अरु कसैलाई पनि हानि गर्न सक्ने हुनाले अरु कसैले पनि उनको विश्वास गरिहाल्नु हुने रहेनछ भन्ने पाठ सिकाएको छ । कमरेड प्रचण्डले किन यसरी धोका दिए भन्ने विषयलाई गौर गरेर भन्न सकिन्छ कि कुनै एउटा स्वार्थ बोकेको मान्छेले अर्को त्यस्तै स्वार्थ मिल्ने मान्छेसँग सम्झौता गर्नु सामान्य कुरा मात्र हो । यिनीहरूको स्वार्थ मिल्नु भन्नुको अर्थ के भने ओली, देउवा दुवैले देशको ढुकुटी रित्तो पार्ने कामलाई निरन्तरता दिइरहँदा कमरेड प्रचण्ड पनि त्यो काममा पछाडि हटेका छैनन् । माओवादी सेना समायोजन गर्दादेखिको यिनको हतारोलाई हेर्दा यिनी पनि चोखा छैनन् र त्यो अपराधलाई चोख्याएर सम्मानित नेताको रुपमा स्थापित हुनको लागि हतारो भइरहेको छ । संसद्को काम कार्यवाही अबरुद्ध हुँदा धेरै के बिग्रन्थ्यो र ? सरकारचाहिँ समस्यामा पर्थ्यो । कमरेड प्रचण्डको क्षति हुने कुरो वा विषय भने केही पनि थिएन । दोस्रो कुरो, गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरेर अवरुद्ध भएको संसद् अनि भिजिट भिसा प्रकरणमा अनियमितताको आरोप लागेका गृहमन्त्री स्वयंले नैतिकताको आधारमा गृहमन्त्रीको पदबाट राजीनामा दिएर संसद्को अवरोध हटाउँदा बढी सार्थक हुन्थ्यो होला ।

कमरेड प्रचण्डले दुईबुँदे सहमतिका आधारमा ओली सरकारसँग गरेको सम्झौताले माओवादी केन्द्रप्रति रहेको केही शेष आस्था पनि टुटेर जाने अवस्था सिर्जना भएको छ । हुन त एमसीसी पास गराउने बेलामा पनि कमरेड शुरुमा एमसीसीको विरुद्धमा चर्को आवाज निकालेर विरोध गरेको जस्तो राम्रै अभिनय गरी आम शुभचिन्तक र कार्यकर्तालाई कहिल्यै नबिर्सने गरी धोका दिइसकेकै थिए । त्यसपछिका दिनमा भए/गरेका कामले थोरैतिन विश्वास बटुल्दै थिए । आउँदो २०८४ को चुनावमा राम्रैसँग विजयी होला र जनआकांक्षा अनुसारको शासन चलाउला कि भन्ने आम जनमानसको सोच बन्दै गरेका बेला केपी ओली नेतृत्वको सरकारसँग सम्झौता गरेर घाँटी जोड्नुले सबैजसो राजनीतिक दलप्रतिको आस्था र विश्वास गल्र्यामगुर्लुम ढल्न पुगेको छ । २०८४ को चुनावमा आम जनताले सहभागिता नजनाउने परिस्थिति बनेर गएको छ । जुन अवस्था सिर्जना हुनु भनेको देश र प्रजातान्त्रिक अभ्यासका लागि घातक संकेत हो । भोलिका दिनमा कमरेड प्रचण्ड स्वयंका बफादार कार्यकर्ताले पनि राजालाई गुहार्ने दिन निकटमै आएको हो कि भन्ने भान पर्न थालेको छ ।

यतिका धेरै वर्षदेखि सक्रिय राजनीतिमा लागेर एउटा महान् क्रान्तिलाई एक दशक लामो युद्धबाट सफल बनाउने श्रेय पाएको व्यक्तिको यो पतनोन्मुख साँठगाँठले टुटाएको आम जनताको भरोसालाई अरु कुनै पनि राजनीतिक दलले च्याप्पै समातेर उपयोग गर्न सक्ला भनेर देखाउन सकिने कुनै पनि राजनीतिक दल हामीकहाँ छैनन् भन्दा फरक नपर्ला । यो साह्रै दुर्भाग्यपूर्ण नियति मान्नुपर्ने हुन्छ । यस कर्मले अब नेपालको राजनीतिमा राजतन्त्र नै अनिवार्य सर्त हो त ? भन्ने पनि प्रश्न उठेको छ । आशा र भरोसा गरिएका नेताका यस्ता पतनोन्मुख कर्मले गर्दा देशको कायापलट हुने गरी कुनै पनि सकारात्मक परिवर्तन आउनेवाला छैन । लोभ र मोहमा डुबेका जुनसुकै राजनीतिक दलका नेताबाट आशा र भरोसा गर्ने सारा विषय टुटेर गएको छ । यसले भ्रष्टाचार र भ्रष्टाचारीलाई पृष्ठपोषण गर्ने कामलाई मज्जैले सघाएको छ । आशा र भरोसाबेगरको शासन हामी नेपाली जनतालाई चाहिएको छैन । रचनात्मक विरोध गरेर जनअपेक्षाको सही बाटोमा शासकलाई ल्याउन नसक्ने प्रतिपक्षलाई जनताको रगत र पसिनाको कमाइमा रजाइँ गर्ने कुनै अधिकार छैन । लाखौं, करोडौं जनताले लखेटेर विरोध गरिएको शासक लाचार भएर शासनको बागडोर सम्हाल्न पनि अक्षम भइसकेको छ । अब केवल गृहमन्त्री रमेश लेखक मात्रै होइन कि प्रधानमन्त्री केपी ओलीले समेत राजीनामा गरेर आफूलाई असफल शासकको रुपमा विश्राम लिनुपर्ने दिन निकट आउनै पर्छ । यदि त्यो दिन जति ढिलो गरेर आउँछ त्यति नै देशलाई घातक घाटा लागेर जान्छ ।

हामी नेपालीले राणा शासनदेखि लिएर पञ्चायती व्यवस्थासम्मको भोग गर्दै हाल गणतान्त्रिक शासन व्यवस्थामा आइपुग्दासमेत प्रजातान्त्रिक मूल्य र मान्यताको भने सही उपयोग गर्न पाएका छैनौं । कुनै पनि कालखण्डको शासकले अन्धाधुन्ध शासन चलाइरहेको छ । शासकको जनअपेक्षित कुनै गन्तव्य दृष्टिगोचर हुँदैन । आफूले लागु गनुपर्ने कुनै पनि नियमको बन्धन शासकलाई थाहा छैन । थाहा भएरै पनि बुझ पचाइरहेको जस्तो लाग्छ । अब नेतालाई नेतृत्व दिएर राजनीतिक अभ्यासको पाखण्डी नाटक मञ्चन गर्न लाउनुको साटो जनता स्वयंले, महिलाले शासन चलाउन तयार हुनुपर्छ । विभिन्न नामका राजनीतिक दल, छुट्टै राजनीतिक सिद्धान्त छ भनिए तापनि त्यो केवल हात्तीको देखाउने दाँतभन्दा अरू केही होइन ।

आफूलाई कार्ल मार्क्स, एङ्गेल्स, माओत्सेतुङका चेला भनेर गर्वसाथ चिनाउन खोज्नेहरू हुन् कि स्वर्गीय मनमोहन अधिकारी, कमरेड पुष्पलालका चेला भनेर चिनाउनेवाला हुन्, ती सबैको छवि ज्यादै धूमिल भएर जान थालेको छ । स्वर्गीय बीपी कोइरालाका चेलाको हालत पनि कम नाजुक छैन । केवल बीपीको फोटोमा माला लगाएर उनका सिद्धान्त लागू गर्न सकिने वा लागू हुने कदापि होइन । यिनलाई धुमिल बनाउने काम नेतृत्वको अकर्मण्यताले गर्दा भएको कुरा ठहर गर्न सकिन्छ ।

आज आएर नेपालको राजनीतिलाई आ-आफ्ना स्वर्थका गोटी बनाउने काम भएको छ । पुराना र आशा लाग्दा राजनीतिक दलका प्रभावशाली ठहर भएका सबैजसो नेताले कहीँ न कहीँबाट च्यानल मिलाएर आफ्नो स्वार्थ पूरा गर्ने काममा नलागेको विशुद्ध नेता सयमा १ प्रतिशत पनि पाउन गाह्रो छ । वर्तमानको शासनको बागडोर सम्हालेका शासकमार्फत आफ्ना आपराधिक कर्मलाई नदेखिने गरी छोपी गौरवसाथ लुकाएर राख्नुपरेको छ । देश उन्नतिका समग्र क्षेत्रको रेखदेख गनुपर्ने शासकले केवल सीमित क्षेत्रको हेराइमा रुपान्तरण गरेपछि ऊ क्रमशः स्वार्थले भरिन थाल्छ । अहिलेका नेतात्रयको पनि एउटै सुरक्षित अवतरणको बाटो हुनाले गर्दा कहाँनेर, कस्तो मौकामा सम्झौता गरियो भने आफूलाई अधिक लाभ हुन्छ ? भन्ने स्वार्थले ओतप्रोत भएका छन् । कमरेड प्रचण्डले ओली सरकारसँग सम्झौता गर्दै गर्दा देशको मायाले ओतप्रोत भएर साँच्चै संसद्को अवरोध चाँडै हटोस् भनेर स्वच्छ मनको सोचाइले गरेका होइनन् वा थिएनन् । त्यसैले उनका केही स्वाभिमानी कार्यकर्तासमेत उनको त्यो व्यवहारबाट आजित भएर अर्को भरलाग्दो राजनीतिक दलको सोचाइको पक्षतिर मानसिकरुपमा तयार भई लागिपर्न चाहेका छन् । त्यस्तो विपरीत मानसिकतामा बाँच्दै गरेका कार्यकर्ताले त्यस्ता पीपलपाते नेतृत्वको साथ छोड्नु ज्यादै जरुरी हुन्छ । यदि साथ छोड्न नसकेको खण्डमा आफ्नो स्वच्छ र देशभक्त मानसले सोचेको देश र जनताप्रतिका भलाइका काम गर्न नसकिने मात्र होइन कि समय सकिएर जाँदै गर्दाको समयमा पश्चात्तापको आगोमा जल्नुपर्ने बाध्यतासमेत आइलाग्छ ।

हालका हाम्रा पुराना राजनीतिक दलका नेताको स्वर्थ भनेको देशको भाग्य र भविष्य जतासुकै होस् तर आफूहरू भने विगतमा गरेका देशघाती कामको पर्दाफास नगराई गुपचुपमै राखेर आम जनतालाई कमरेड प्रचण्डले झुक्याएजसरी नै झुक्याउँदै र बेलाबेलामा न्याना आश्वासन बाँड्दै भए पनि शासनसत्ता कायम राख्ने उद्योगमा लागेका छन् । यदि वर्तमान शासक केपी ओलीले संसद् भंग गरेर मध्यावधि निर्वाचन गराएकै भए पनि यो अवस्था कायम रहन्जेलसम्मको समयमा भएको चुनावले नेपाली कांग्रेस होस् कि एमाले होस्, तिनको बहुमत आउने कुरा असम्भव मात्रै नभएर पत्तासाफ हुने हो कि भन्ने गन्तव्यको दैलोनेर पुगेको अनुमान लाउन सकिन्छ । मध्यावधि चुनावले सबैभन्दा अधिक फाइदा पुग्ने भनेको माओवादी केन्द्रलाई नै थियो । हालको यो निराशाले भरिएको शासन र शासकको रबैयाको अन्त्य यथासक्य छिट्टै भए राम्रो हुनेछ भन्ने मानसिकताको विकास नेपाली जनताको मानसमा भएको छ । जे हुन्छ, राम्रैका लागि हुन्छ भनेजस्तै मृतशान्तिको शासन कायम रहनुभन्दा सक्रिय राजनीतिक चहलपहल र देशोन्नतिका कार्यक्रमले प्राथमिकता पाउने खालको शासनको अपेक्षा हालको नेपाली मनको आवश्यकताको शासन व्यवस्था हो ।

# सरकार विरोधीलाई अख्तियारले नछोड्ने




**काठमाडौं–** नेपाल देशमा भ्रष्टचार गर्नू हुदैन भन्ने नियम कानून बनाइएको छ। जुन कानून अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यन्वयन गर्ने गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जोसुकैले गल्ती गरेको किन नहोस त्यसलाई कानूनी दायरामा ल्याएर सजाय दिनुपर्दछ। यो अन्तराष्ट्रिय सिद्धान्त हो। नेपालमा पनि त्यो लागु हुनुपर्दछ।

तर पछिल्लो समय नेपालको सरकारको मातहतमा रहेको अख्तियार अनुसन्धान आयोगले सरकार भन्दा बाहिर रहेका वा नेकपा एमालेमा कुनैपनि वेला सँगै भएका कुरा नमिल्दा सरकार भन्दा बाहिर गएका नेकपा समाजवादी पार्टीका अध्यक्ष पुर्व प्रधानमन्त्री माधव कुमार नेपाल, रास्वपाका सभापति रवि लामिछाने, त्यस्तै अन्य नेकपा एमाले विरोधी भएको वा एमाले विरोधी जस्तो देखिने आउदा दिनमा नेकपा एमाले पार्टीलाई चुनावमा क्षति पुग्ने आकलन गरिएका व्याक्ति, पार्टी, सञ्चार माध्यमलाई समेत सरकारको निर्देशनमा एकपक्षिय ढंगवाट कारवाही गर्ने तरिका अपनाइएको छ। कुनैवेला नेपाली काँग्रेसलाई क्षति पुऱ्याएको प्रतिशोधमा हाल स्वर्गीय त्यतिवेलाका प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले पनि कुनैवेला नेपाली काँग्रेस फुटाएर प्रजातान्त्रिक काँग्रेस बनाएका खुम बहादुर खड्का, चिरन्जीवि वाग्ले, गोविन्दराज जोशीलाई भ्रष्टचारको मुद्दा लगाएर जेल हालेका थिए।

अहिले त्यतिवेलाको जस्तै तर पात्रा फरक प्रबृति उस्तै तरिकाले सरकारकै निर्देशनमा अख्तियार अनुसन्धान आयोगले काम गरेको जस्तो देखिन्छ। रवि लामिछानेलाई सहकारी ठगी काण्डमा मुद्दा दायर गरेर जेलमा पठाइ सकिएको र सम्पति सुद्धिकरणको पनि मुद्दा दायर गरेको छ। त्यसैगरी पुर्व प्रधानमन्त्री माधव कुमार नेपाललाई मुद्दा नै दायर गरिसकेको छ भने नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई त्यतिवेलाको जनमुक्ति सेनाको क्यानटोनमेनमा भ्रष्टचार गरेको भनेर मुद्दा लगाउने भित्री तयारी भईरहेको विशेष शुत्रहरुको भनाई रहेको छ।

यो काम प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा भईरहेको बिभिन्न राजनैतिक पार्टीका नेताहरुले सार्वजानिक स्थलमा भन्दै आएका छन्। उनिहरुले भने जस्तैगरी व्यवहारमा पनि देखिदै आएको छ।

सरकारले त्यति मात्र गरेको छैन। नेपालमा पत्रिका भनेको कान्तिपुर मात्र हो। सरकार भनेको काँग्रेस र एमालेको मात्र हो। नागरिक भनेको एमाले र काँग्रेसको पार्टी सदस्य लिएका मात्र नागरिक हुन। अन्य पार्टीमा लाग्ने नागरिक वा स्वतन्त्र जीवन जिउने नागरिक नागरिक होइनन्। भने जस्तै गरी दुखः सुखः बनि बुथो गरी पत्रिका चलाई रहेका जन सवाल दैनिक, प्रभाव दैनिक जस्ता सञ्चालहरुलाई समेत मुद्दा लगाएको छ। त्यस्ता प्रकृतिका कानून उल्लघन गर्ने सरकारको नजिकमा रहेकाहरुलाई मुद्दा लगाएको छैन।

नेपालमा तानाशाही प्रबृतिको सरकार छ भन्ने भान गराउन खोजेको छ। नेकपा एमाले पार्टीका नेताहरुले बिभिन्न पदीय जिम्मेवारीमा बसेर गरेका थुप्रै भ्रष्टचारका फाइल भने खोलेको अनुसन्धान गरेको देखिदैन।

त्यसकारण वर्तमान सरकार, सरकार विरोधी जो कसैलाई केही न केही बहानामा अख्तियार लगाएर नछोड्ने चरम तरिकाले लागेको देखिन्छ।

रामेछाप डायरी

# विश्व रक्तदाता दिवसको अवसरमा रामेछापमा रक्तदान र अन्तरक्रिया



विश्व रक्तदाता दिवसको अवसरमा रामेछापमा रक्तदान र अन्तरक्रिया कार्यक्रम गरिएको छ। जनस्वास्थ्य कार्यालय रामेछापले दिवसको अवसरमा रक्तदान सहित अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो। रामेछाप अस्पतालमा भएको रक्तदानमा १४ जनाले रगत दान गरेका छन।

रामेछाप अस्पतालको प्राविधिक सहयोग,नेपाल रेडक्रस सोसाइटी रामेछापको समन्वय र जनस्वास्थ्य कार्यालयको आयोजनामा रक्तदान कार्यक्रम गरिएको हो। यसैगरी दिवसकै अवसरमा रक्तदान सम्बन्धि अन्तरक्रिया गरिएको छ। जनस्वास्थ्य कार्यालय रामेछापका प्रमुख विभु कुमार झा ले रक्तदानको फाईदा,महत्व लगायतका बारेमा जानकारी गराउनुभयो।

उहाँले युवाहरुलाई रक्तदान सम्बन्धि सचेतना जगाउनुपर्ने बताउनुभयो। हरेक व्यक्तिले ३/३ महिनाको फरकमा रक्तदान गरे रगतको अभावमा कसैले पनि ज्यान गुमाउनु नपर्ने बताउनुभयो। कार्यक्रममा धेरै पटक रक्तदान गर्ने व्यक्ति तथा विभिन्न समयमा रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्थालाई समेत सम्मान गरिएको हो।

हरेक वर्ष जुन १४ तारिखका दिन विश्वभर रक्तदाता दिवस मनाउने गरिन्छ।मानव रगतको समूह पत्ता लगाउने वैज्ञानिक डा.कार्ल ल्याण्डस्टाइनरको जन्मदिन जुन १४ तारिखको अवसर पारेर हरेक वर्ष विश्व रक्तदाता दिवस मनाइन्छ। पहिलो विश्व रक्तदाता दिवस सन् २००४ मा मनाइएको थियो।

यो दिवसको मुख्य उद्देश्य सुरक्षित रगत र रगत उत्पादनको आवश्यकताबारेमा सचेतना जगाउनु र रक्तदान गर्न प्रेरित गर्नु रहेको छ।साथै आजको दिन रक्तदातालाई धन्यवाद दिने दिनका रुपमा पनि मनाउने गरिन्छ। यस वर्षको दिवस 'रक्तदान गरौँ, आशा जगाऔँ, सबै मिली जीवन बचाऔँ' रहेको छ।

# एकै दिन दुई हात्ती मृत भेटिए



**विराटनगर–** कोशी प्रदेशका दुई जिल्लामा एकै दिन दुई वटा हात्ती मृत भेटिएका छन्। सोमबार बिहान सुनसरी र झापामा दुई हात्ती मृत फेला परेका हुन्।

सोमबार बिहान सुनसरीको बराहक्षेत्र नगरपालिका-२ मा जंगली हात्ती मृत अवस्थामा फेला परेको थियो। कौशिकी सामुदायिक वन नजिकैको मकैबारीमा अन्दाजी ७ वर्ष उमेरको भाले हात्ती मृत अवस्थामा भेटिएको हो। हात्तीको मृत्युको कारण खुलेको छैन।

सोमबार बिहान नै झापाको मेचिनगरमा पनि हात्ती मृत फेला परेको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार मेचीनगर नगरपालिका- १ गणेश टोलमा रहेको मकैबारीमा बयस्क पोथी हात्ती मृत भेटिएको छ।

दुवै हात्तीको मृत्युको कारण खुलेको छैन। हात्तीको मृत्युको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# जलस्रोत विधेयक फिर्ता लिने मन्त्रिपरिषद्को निर्णय



**काठमाडौं–** सरकारले जलस्रोत विधेयक फिर्ता गर्ने निर्णय गरेको छ।

सोमबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त विधेयक फिर्ता गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा पुगेको यो विधेयक फिर्ता लिने नर्णय भएको हो।

विधेयकको प्रारम्भिक मस्यौदा ३१ जेठ २०८१ मा तत्कालीन ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले संसद्मा दर्ता गराएका थिए।

तर, उक्त विधेयक विदेशीको समेत स्वार्थमा रहेको शंकापछि प्रधानमन्त्री केपी शर्मा ओलीले चासो राखेका थिए। हिजोको बैठकमा पनि यही विधेयकबारे अधिकांश समय चर्चा भएको थियो।

मन्त्रिपरिषद्ले विधेयक फिर्ता लिने निर्णय गरेसँगै यससम्बन्धी सूचना सम्बिन्धत मन्त्रालयले संसद् सचिवालयमा पठाउँछ। उक्त सूचना उपर सभाले निर्णय लिन्छ। विधेयक फिर्तासम्बन्धी सरकारको प्रस्ताव संसद्बाट स्वीकृत भएको खण्डमा फिर्ता हुन्छ।

# मुस्ताङको पेरिस डाडामा माओवादी केन्द्रको कार्यालय शिलान्यास

**काठमाडौं–** नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले घरपझोङ गाउँपालिका–४ झ्प्सोस्थित पेरिस डाँडामा निर्माण हुने पार्टी कार्यालय भवनको शिलान्यास गरेका छन्। बौद्ध परम्पराअनुसार उनले पार्टी कार्यालय शिलान्यास गरेका हुन्।

नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समितिका 'इञ्चार्ज' धीरेन्द्र विकका अनुसार छ कोठाको भवन निर्माण गर्न वारागुङ मुक्तिक्षेत्र २ छुङ्गरका ढच्युङ गुरुङले जग्गादान गरेका हुन्।

त्यस अवसरमा अध्यक्ष दाहालले पार्टी कार्यालय भवन निर्माणपछि सङ्गठन विस्तारका साथै मुस्ताङीको विकासका चाहनामा भरथेग गर्न सहज हुने विश्वास व्यक्त गरे। साथै उनले जनतालाई केन्द्रमा राखेर काम गर्न पार्टीका स्थानीय नेता तथा कार्यकर्तालाई निर्देशन दिए।



# इलामबाट सुनचाँदीको जलप लगाएका गहनासहित २ भारतीय पक्राउ

**काठमाडौं–** इलाम जिल्लाको सुर्योदय नगरपालिका-२ चारमाइलबाट सुन र चाँदीको जलप लगाएका गहनासहित २ जना पक्राउ परेका छन्।

सशस्त्र प्रहरीको टोलीले आइतबार ३२ लाख ६९ हजार ५५७ रुपैयाँ बराबर चाँदी र सुनको जलप लगाएको गहनासहित दुई जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेहरू भारतको हिमालचल प्रदेश घर बताउने ३८ वर्षीय अभिनास बोध र ३५ वर्षीय रवि कुमार रहेका छन्। उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म पशुपतिनगरबाट खटिएको सुरक्षा फौजले विशेष सूचनाको आधारमा नियन्त्रणमा लिएको हो।



नेपालबाट भारततर्फ जाँदै गरेका उनीहरुलाई जाँच गर्दा झोलाबाट १७ किलो ४०० ग्राम चाँदी र ५ किलो सुनको जलप लगाएका गहना र विभिन्न किसिमका सामान फेला परेको थियो।

परीक्षणका क्रममा ती गहनामा सुन–चाँदीको जलप लगाएको पुष्टि भएको हो। पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धानको लागि भन्सार कार्यालय पशुपतिनगर इलाममा बुझाइएको छ।

# ग्वार्को लाइओभर ६ असारमा प्रधानमन्त्रीले उद्घाटन गर्ने

**काठमाडौं–** ललितपुरको ग्वार्को स्थित फ्लाइओभर ६ असारमा उद्घाटन गरिने भएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सो दिन पुल सञ्चालनमा ल्याउने तयारी गरेको हो।

मन्त्रालयका अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीले फ्लाइओभर उद्घाटन गर्नेछन्। त्यसपछि यातायात सञ्चालनमा ल्याइने छ।

गएको शनिवार भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल सहित सडक विभागको नेतृत्वले स्थलगत निरीक्षण गरी सवारी साधन सञ्चालनको तयारी गर्न निर्देशन दिएको थियो।

मुख्य संरचनाको निर्माण पछि लेन सेपरेटर राख्ने, लाइनिङ् गर्ने लगायतका काम पूरा भएपछि सवारी साधन सञ्चालन हुने अवस्थामा पुगेको सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दीप बाराहीले जानकारी दिए।

निर्माण कार्यमा ढिलाई भए पछि मन्त्री दाहालले फ्लाई ओभर निर्माणमा सक्रियता देखाएका थिए।

# नेपाल दूरसञ्चार कम्पनी नेपाल टेलिकमको निमित्त प्रबन्ध निर्देशकमा सबिना मास्के नियुक्त



**काठमाडौं**–नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को प्रबन्ध निर्देशकमा सबिना मास्के नियुक्त हुनुभएको छ ।

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८ ०२ /२८ को (माननीय मन्त्रीस्तर) निर्णय बमोजिम मिति २०८२/०२/ २८ च.नं. संस्था नर ३१७८ को नियुक्ति पत्रबाट उहाँलाई कम्पनीको निमित्त प्रबन्ध निर्देशक भई कामकाज गर्न तोकिएको छ ।

यसअघि उहाँ कम्पनीको नायब प्रबन्ध निर्देशकको रुपमा प्रमुख प्राविधिक अधिकृतको कार्यभार सम्हाल्दै आउनु भएको थियो भने आज (२०८२ जेठ २८ गते) देखि निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हाल्नु भएको छ ।

नवनियुक्त निमित्त प्रबन्ध निर्देशक सबिना मास्केले चीनको डालियान मेरीटाइम युनिभर्सिटीबाट बी.ई.गर्नुभएको छ । उहाँले २०४९ माघ २५ बाट तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा इन्जिनियर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गर्नुभई २०५१ फाल्गुण १० मा कम्पनीको सेवामा स्थायी नियुक्ति लिनुभएको थियो भने उहाँ २०७८ माघ १८ गते नायव प्रबन्ध निर्देशक पदमा नियुक्त हुनुभएको थियो ।

पदभार ग्रहण गर्नुहुँदै नेपाल टेलिकमका नवनियुक्त निमित्त प्रबन्ध निर्देशक सबिना मास्केले विषम परिस्थितिमा आफूप्रति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रदान गरेको जिम्मेवारीलाई सबैको साथ र सहयोग लिएर पूरा गर्दै कम्पनीको प्रगतिका लागि अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# होटेल हिमालय सेरेन भ्यु र प्रभु बैंक लि.बीच विशेष छुट सम्झौता




**काठमाडौं**- पोखरा महानगरपालिका, वडा नं ३१, बेगनासताल, कास्की स्थित होटेल हिमालय सेरेन भ्यु र प्रभु बैंक लिमिटेड बीच बैंकका ग्राहक तथा कर्मचारीहरुलाई उल्लेखित होटेलमा पाइने खाना, पेय पदार्थ तथा आवास सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

प्रभु बैकंका कर्मचारी र कर्मचारीका परिवारजन तथा ग्राहकहरुले खाना र पेय पदार्थमा १०% साथै आवास सुविधामा १५% छुट पाउने भएका छन । सो छुट सेवा सुविधा होटेल हिमालय सेरेन भ्यु मा प्राप्त गर्न सकिनेछ । उक्त सम्झौता-पत्रमा होटेल हिमालय सेरेन भ्युका तर्फबाट प्रोप्राइटर अनिल ढकाल तथा प्रभु बैंक लि.का तर्फबाट तालचोक शाखा प्रबन्धक प्रकाश पौडेल को संयुक्त हस्ताक्षर बिच सम्पन्न भयो ।

त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३११ शाखा कार्यालयहरु, २८४ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्पत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई 'बिश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

साथै प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट पनि सम्मानित भएको छ ।

# महालक्ष्मी विकास बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा कर्मचारीहरुलाई सम्मान

**काठमाडौं**- महालक्ष्मी विकास बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा २० वर्ष सेवा प्रदान गरेका कर्मचारीहरुलाई एक विशेष कार्यक्रम सहित सम्मान गरिएको छ ।

बैंकमा इमान्दार, निष्ठा, समर्पण, दायित्वबोध र व्यवसायिकता साथ २० वर्ष सम्म निरन्तर रुपमा बैंकको स्थायित्व, विकास र उत्कृष्टताको यात्रामा महत्वपुर्ण सेवा तथा योगदान पुऱ्याए बापत ३६ जना कर्मचारीहरुलाई काठमाण्डौंमा आयोजित एक विशेष कार्यक्रमका बीच सम्मान गरिएको हो । विभिन्न शाखा कार्यालयहरु तथा केन्दय कार्यालयमा रही सेवा प्रदान गरिरहेका उक्त कर्मचारीहरुलाई बैंकका अध्यक्ष, सचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतले सम्मान गर्नुभएको हो ।

उक्त कार्यक्रममा संचालक समिति सदस्यहरु, बैंकका उच्च पदस्थ अधिकारीहरु, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरु, काठमाण्डौं उपत्यकाका शाखा प्रबन्धकहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । सम्मानित कर्मचारीहरुको ज्ञान, सीप, अनुभव र मार्गदर्शनले बैंकलाई अझ बलियो बनाउने विश्वास लिइएको छ ।

साथै उक्त कार्यक्रममा महालक्ष्मी टोष्टमास्टर क्लबको औपचारिक सुरुवात समेत गरिएको छ । टोस्टमास्टर इन्टरनेशनल द्वारा मान्यता प्राप्त यो क्लब मार्फत बैकका कर्मचारीहरुमा नेतृत्व क्षमता, सार्वनजानिक वक्तृत्व कला, आत्मविश्वास तथा संचार कौशल अभिवृद्धिमा सहयोग पुऱ्याउनेलक्ष्य सहित गठन गरिएको हो । विकास बैंकहरुमा टोस्टमास्टर क्लबको औपचारिक सुरुवात गर्नेमा महालक्ष्मी विकास बैंक पहिलो विकास बैंक बनेको छ ।




जेष्ठ महिना भर बैंकले ३१ औं वार्षिकोत्सव मनाउन तय गरेको पुर्व निर्धारित सम्पूर्ण कार्यक्रमहरु समेत सफलतापूर्वक सम्पन्न भएका छन् । यस अवसरमा आगामी दिनहरुमा बैंकले आफ्ना ग्राहकहरुलाई थप अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराउन प्रतिबद्धता समेत जाहेर गरेको छ ।

# व्यवसायीको आन्दोलनले ठप्प सुनचाँदी पसल

**काठमाडौं**- सरकारको बजेटप्रति आपत्ति जनाउँदै व्यवसायी आन्दोलनमा उत्रिएपछि आज देशैभरका सुनचाँदी पसल बन्द छन् । नेपाल सुन चाँदी व्यवसायी महासङ्घ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासङ्घ र नेपाल हस्तकला महासङ्घ र देशभरका सङ्घहरूले व्यवसाय बन्द गरेर विरोध जनाएका छन् ।

सरकारले आगामी बजेटमार्फत सुनमा २ प्रतिशत विलासिता र हिरामा १३ प्रतिशत भ्याट लगाएको विरोधमा आन्दोलनमा उत्रिएको नेपाल सुन चाँदी व्यवसायी महासङ्घका निवर्तमान अध्यक्ष मणिकरत्न शाक्यले बताए ।

सरकारले बजेटमार्फत सुनमा विलासिता कर लगाएको र सुनका गहनामा प्रयोग हुने बहुमूल्य पत्थर र हिरामा १३ प्रतिशत भ्याट लगाएको छ । सरकारको यो निर्णयले सुनचाँदी व्यवसाय नै सङ्कटमा पर्ने देखिएको व्यवसायीको आरोप छ ।




सरकारले सुनको भन्सार ६ प्रतिशत कायम गर्नुपर्ने उनीहरूको माग छ । साथै सुनचाँदी कारोबारका लागि प्रस्ट नीति नियमावली निर्माणकोसमेत माग गरेका छन् ।

# एनसेल फाउन्डेसनको वेस्ट ह्याकाथनमा थापाथली क्याम्पसका विद्यार्थीले मारे बाजी

**काठमाडौं**- एनसेलले आफ्ना ग्राहकहरुका लागि 'सधैं अन करोडपति' योजना संचालनमा ल्याएको छ । एनसेलले ग्राहकहरुले १ करोड रुपैयाँ बम्पर नगद पुरस्कार जित्ने योजना सञ्चालनमा ल्याएको हो ।

यो योजनामा हरेक हप्ता १० जना भाग्यशाली ग्राहकले जनही १ लाख रुपैयाँ नगर पुरस्कार जित्नेछन् ।यो साप्ताहिक नगद पुरस्कार १२ हप्तासम्म जारी रहने एनसेलले जनाएको छ । यो योजनामा सहभागी कुनै पनि ग्राहकको हात खालि हुने छैन, प्रत्येक ग्राहकले डेटा, भ्वाइस वा डिजिटल सेवालगायत विभिन्न सेवा बोनसस्वरुप प्राप्त गर्छन् ।

सधैं अन करोडपति योजना असार १ देखि लागू भएको एनसेलले जनाएको छ । यो योजनामा सहभागी हुन ग्राहकहरूले कम्तीमा ९९ रुपैयाँ वा सोभन्दा माथिको कुनै पनि एनसेल सेवा–जस्तै नयाँ सिम, डेटाप्याक, भ्वाइस प्याक, एसएमएस प्याक, रोमिङ प्याक वा कम्बो प्याक लिनुपर्छ ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले कम्पनीले ग्राहकका लागि एक दशक भन्दा लामो समयपछि ठूलो योजना सञ्चालनमा ल्याएको बताए ।

'सबैलाई सधैं सहज, सुलभ सेवामार्फत जोडी राख्ने हाम्रो प्रतिबद्धता बमोजिम, हामी हाम्रो सधैं अन पहलअन्तर्गत यो योजना सञ्चालन गर्न पाएकोमा धेरै उत्साहित छौं,' उनले भने, '१ करोड रुपैयाँको नगद बम्पर पुरस्कारदेखि सहभागी सबैलाई केही न केही बोनसको व्यवस्था रहेकोले योजना विषेश बनेको छ ।'

# ज्योति विकास बैंकका ग्राहकहरुलाई "Tilganga City Eye Center" मा विशेष छुट




**काठमाडौं**- ज्योति विकास बैंक लिमिटेडले काठमाडौं चुच्चेपाटीस्थित Tilganga City Eye Center मा बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त आँखा केन्द्रमा १५५ सम्म छुट प्राप्त गर्न सक्नेछन् ।

यस केन्द्रमा ग्राहकहरुले आँखा जाँच र विशेष उपचार (जस्तै शल्यक्रिया र थेरापी) मा १०५ तथा प्रिस्क्रिप्शन चश्मा मा १५५ छुट प्राप्त गर्न सक्नेछन् । तिलगङ्गा नेत्र प्रतिष्ठानको सह-संस्था Tilganga City Eye Center ले अत्याधुनिक प्रविधि प्रयोग गरी ग्राहकवर्गलाई गुणस्तरीय तथा उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । हालै बैंकले नयाँ बानेश्वरस्थित प्रचलित Alfa Health Care and Diagnostic Center मा १५५ र सातदोबाटोस्थित Public Nepal Dental Hospital & Polyclinic मा ५०५ सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वस्थ्य र सुदृढ जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले ६२ वटा न्यानो नानी मार्फत हरेक वर्ष २२ ९४ भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ । यस विकास बैंकले राष्ट्र प्रति आफ्नो दायित्व पूर्ति गर्दै गएको आर्थिक वर्षमा रु । चालिस करोड कर तिरेको छ । साथै, चालु आर्थिक वर्षको पौष मसान्तसम्म रु । पन्द्र करोड कर स्वरूप बुझाइसकेको छ ।

ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ ।


हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं.

'हाम्रो पहिचान, हाम्रो स्वाभिमान'

नेपाल सरकार
विज्ञापन बोर्ड

## खेलकुद

# मारिया ३७ वर्षको उमेरमा डब्लूटीए च्याम्पियन



**लन्डन–** जर्मनीकी छनोट खेलाडी तात्जाना मारियाले आफ्नो करियरको सबैभन्दा ठूलो उपाधिको रूपमा क्विन्स क्लबमा विम्बल्डन वार्मअप प्रतियोगिता जितेपछि 'क्विन्स अफ क्विन्स' घोषित भइन् ।

दुई सन्तानकी आमा ३७ वर्षीयाले लन्डनमा भएको क्विन्स क्लब ग्रासकोर्ट टेनिस च्याम्पियनसिप फाइनलमा आठौं वरीयताप्राप्त अमेरिकी अमान्दा एनिसिमोभालाई ६-३, ६-४ ले हराएकी थिइन् । ८६ औं वरीयताप्राप्त मारियाले आफ्ना छोरीहरू चार्लोट र सेसिलियासहित पति तथा प्रशिक्षक चार्ल्स-एडुवार्ड मारियाको अगाडि उपाधि जितिन् ।

'यो उपाधि जितको अर्थ मेरा लागि धेरै छ,' मारियाले भनिन्, 'यो उमेरमा पनि तपाईं अझै पनि ठूला ट्रफी जित्न सक्नुहुन्छ भन्ने राम्रो उदाहरण बन्न सकेकी छु, यसमा आफैंमा धेरै गर्व छ ।'

आफ्नो चौथो डब्लूटीए उपाधि जित्ने क्रममा उनले शीर्ष २० औं वरीयताभित्रका क्यारोलिना मुचोभा, एलेना रेब्किना र म्याडिसन किजसहित हराएकी थिइन् । २०२० पछि उनी डब्लूटीए टुरमा सबैभन्दा जेठी एकल च्याम्पियन भइन् । त्यतिबेला सेरेना विलियम्सले ३८ वर्षको उमेरमा अकल्यान्ड क्लासिक जितेकी थिइन् ।

सन् २०१८ मा मालोर्कामा घाँसे कोर्टमा डब्लूटीए उपाधि जितेकी उनले २०२२ र २०२३ मा बोगोटामा हार्डकोर्टमा दुई पटक जितेकी थिइन् । विम्बल्डन सेमिफाइनलसम्म पुगेकी मारिया सोमबार विश्व वरीयतामा ४३ नम्बरमा उक्लनेछिन् ।

# अल्फा तेक्वान्दो डोजाङ च्याम्पियन

**काठमाडौं–** दाङको अल्फा तेक्वान्दो डोजाङले प्रथम एनटीए राष्ट्रिय टिम ग्योरोगी च्याम्पियनसिपको ट्रफी जितेको छ ।

सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीमा सोमबार सम्पन्न जुनियर ब्वाइजको फाइनलमा टिम चितवनलाई पराजित गर्दै अल्फाले ट्रफी उचालेको हो । वसन्त विष्ट, कमल परियार र कमल खड्कासम्मिलित अल्फाले कृष्ण बिक, रौनक राउत र सौगात सुन्दाससम्मिलित टिम चितवनलाई ४८-३४ अंकले हराएको थियो । टिम धादिङ र टिम तारकेश्वरले तेस्रो स्थान हात पारे ।

जुनियर गर्ल्समा टिम तारकेंश्वर विजेता भयो । प्रतिस्पर्धात्मक खेलमा तारकेश्वरले फेयरलेस डोजाङलाई ७१-६२ अंकले हरायो । तारकेश्वरबाट सपना रिखाम, कृतिका थापामगर र सोनिया तामाङ तथा फेयरलेसबाट अनिशा मगर, लक्ष्मी तामाङ र सृष्टि लामाले प्रतिस्पर्धा गरेका थिए । यानसु डोजाङ र गोर्खाली डोजाङले तेस्रो स्थान हात पारे ।

क्याडेट ब्वाइजतर्फ ढल्को डोजाङ च्याम्पियन भयो । ढल्कोले फाइनलमा राष्ट्रिय विभूति सामुदायिक शिक्षासदनलाई पराजित गऱ्यो । नेपाल टाइगर्स र सीतापाइला डोजाङले तेस्रो स्थान हात पारे । क्याडेट गर्ल्सको उपाधि




राइजिङ फाइटर्सले जितेको थियो ।

च्याम्पियनसिप विजेतालाई ५० हजार र उपविजेतालाई २५ हजार रुपैयाँ पुरस्कार प्रदान गरियो । विजेता खेलाडीलाई नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशम्शेर राणाले पुरस्कार प्रदान गरेका थिए ।

संघले पहिलो पटक ग्योरोगी विधामात्र समावेश गरेर टिम च्याम्पियनसिप आयोजना गरेको हो । प्रतियोगिता विश्व तेक्वान्दोको टिम ग्योरोगीको नियमअनुसार सञ्चालन गरिएको थियो । प्रतियोगितामा १२ देखि १४ वर्ष उमेर समूहमा क्याडेट गर्ल्स/ब्वाइज टिम तथा १५ देखि १७ वर्ष उमेर समूहमा जुनियर गर्ल्स/ब्वाइज टिम गरी चार स्पर्धा समावेश गरिएको थियो ।

# काठमाडौं महानगरपालिकाका मेयर बालेन र उपमेयर सुनिताको वार्ता, कार्यपालिका राख्ने तयारी



**काठमाडौं–** मेयर काठमाडौं महानगरपालिकाका बालेन्द्र शाह (बालेन) र उपमेयर सुनिता डंगोल बीच लामो समयपछि बुधबार भेटवार्ता भएको छ

केही वडाध्यक्षसहित भएको वार्तामा छिट्टै कार्यपालिका बैठक राख्न प्रारम्भिक सहमति भएको छ ।

'हिजो लामै बैठक भयो । उपप्रमुख पनि आफ्नो धेरै कुरा राख्नु भयो । प्रमुखले पनि केही कुरा राख्नुभयो । बजेटलाई लक्षित गरेर कार्यपालिका बैठक चाहिँ तत्काल राख्ने र अन्य विवादको विषय हल गर्दै जाने कुरो भएको छ । बैठक कहिलेको लागि भनेर निश्चित भएको छैन, महानगरका एक वडाध्यक्षले भने ।

कार्यपालिकाको लागि लक्षित बैठकमा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई भने बोलाइएको थिएन । 'जनप्रतिनिधिहरुको मात्रै बैठक भएको हो । उहाँलाई बोलाउन मेयर बालेन इच्छुक हुनुभएन । त्यही भएर खबर नभएको हो' एक वडाध्यक्ष भन्छन् ।

कार्यपालिका बैठकको सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत हुने स्थानीय सरकार सञ्चालन ऐनमा प्रावधान रहेको छ ।

काठमाडौं महानगरको कार्यपालिका बैठक बस्न नसकेको करिब ५ महिना नाघिसकेको छ । १४ पुसमा १६औं नगरसभा बैठक बस्नु अगाडि बसेको कार्यपालिका बैठक त्यसपछि बस्न सकेको छैन ।

# वैदेशिक रोजगार सम्बन्धी समस्या समाधानको उपाय खोज्न समिति गठन



**काठमाडौं–** सरकारले वैदेशिक रोजगार सम्बन्धी समस्या समाधानको उपाय खोज्न समिति गठन गरेको छ ।

समितिमा गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री आरजु राणा र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारी रहेका छन् । तीन वटै मन्त्रालयका सचिव समेत समितिमा रहेर काम गरिरहेका छन् ।

मन्त्री राणाका अनुसार समितिको बैठक दुई तीन पटक बसिसकेको छ । शुक्रबार प्रतिनिधि सभा अन्तर्गतको अन्तराष्ट्रिय सम्बन्ध समितिको बैठकमा बोल्ने क्रममा परराष्ट्रमन्त्री राणाले यस्तो जानकारी दिएकी हुन्

'वैदेशिक रोजगार सम्बन्धी समस्या समाधानको उपाय प्रस्तुत गर्न समिति गठन भएको छ । गृहमन्त्री, श्रममन्त्री र परराष्ट्रमन्त्रीका साथै तीन वटै मन्त्रालयका सचिव बसेर गहनतम रुपमा छलफल गरेर के-के समस्या रहेछ भनेर हेर्ने हो' उनले भनिन् ।

समितिले आफूले देखेको उपाय श्रम मन्त्रालयलाई दिनेछ । राणा थप्छिन्, ' हामी दुई तीन राउण्ड बसिसकेका छौं ।'

कतिपय देशमा अन्य देशका नागरिकले भन्दा नेपाली कामदारले कम तलब पाउने अवस्था रहेको समेत उनले बताइन् ।

'युएईमा नेपाली कामदारले पाउने अन्य मुलुकले पाउने भन्दा कम तलब रहेछ । अरुले १ हजार रियाल पाउने रहेछन् तर हाम्रो देशकाले ८ सय मात्रै पाउने रहेछ ।'

# कर्णालीमा स्याउ व्यवस्थापन बोर्ड गठन गरिने



**काठमाडौं–** कर्णाली प्रदेश सरकारले स्याउ व्यवस्थापन बोर्ड गठन गर्ने भएको छ ।

प्रदेश प्रमुख नजिर मियाँले आगामी आर्थिक वर्ष २०८२र८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशमा स्याउको विकास र बिस्तारका लागि बोर्ड गठन गरिने बताएका हुन् ।

बुधबार बसेको प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै सरकारले प्रदेशमा स्याउ, ओखर तथा सुन्तला विकास कार्यक्रमलाई विशेष कार्यक्रमका रूपमा सञ्चालन गर्ने बताएको छ ।

किवी, डराइगन, आँप, लिची, केरा लगायतका फलफूलमा दिगो प्रतिस्पर्धा तथा आत्मनिर्भर बनाउन कम्तीमा तीन वर्षसम्म बिरुवा सङ्ख्याको आधारमा प्रोत्साहन उपलब्ध गराउने नीति लिएको छ ।

त्यसका लागि एक गाउँ, एक व्यावसायिक फलफूल बगैंचा कार्यक्रम सञ्चालन गरिने छ ।

त्यस्तै कृषि रणनीतिक आयोजना कार्यान्वयन गरी कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

कृषिमा आत्मनिर्भर र निर्यातमा प्रोत्साहन गर्ने नीति लिइएको प्रदेश प्रमुख मियाँले बताए ।

पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने किसानलाई कर्जामा व्याज अनुदान दिइने र दुई हेक्टरभन्दा बढी जग्गामा खेती गर्ने कृषक सहकारी र समूहलाई पनि अनुदान दिइने बताइएको छ ।

# भारतीयले बन्द गराए महाकाली नदी पुल

**दार्चुला–** भारतीय पक्षले नेपाल-भारत सिमानामा पर्ने महाकाली नदी पुलको बाटो बन्द गरेको छ । महाकाली पुलको बाटो बन्द भएपछि नेपालको दार्चुला सदरमुकाम र भारतको धारचुला आउ-जाउ बन्द भएको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले एक जना भारतीय नागरिकको हत्यामा संलग्न व्यक्तिलाई पक्राउ गर्न दबाब दिने उद्देश्यले महाकाली नदीको पुल बन्द गराएको बताए ।

'धारचुलामा एउटा मर्डर केस छ । त्यो मर्डरमा संलग्न दुई जना व्यक्ति भागेर नेपाल आएको भन्ने अपुष्ट खबर छ । नेपालतर्फ हामीले पनि खोजिरहेका छौं तर फेला परेको छैन,' प्रमुख जिल्ला अधिकारी पौडेलले भने, 'हत्यामा संलग्नलाई पक्राउ गर्नुपर्यो भनेर दबाब दिने उद्देश्यले स्थानीयले बाटो बन्द गराएको जानकारी भारतीय अधिकारीहरुले दिएका छन् ।' भारत सरकार आफैंले नभई भारतीय नागरिकहरुले आफ्नो सरकारलाई दबाब दिने उद्देश्यले बाटो बन्द गरेको बुझिएको पौडेलले बताए ।



भारतको धारचुलाका डिएम (डिस्ट्रिक मजिस्ट्रेट) सँग बाटो खुलाउन पहल गर्ने विषयमा कुराकानी भइरहेको उनले जानकारी दिए ।

सोमबार बिहान ११ बजेदेखि भारतीयहरुले प्रदर्शन गर्दै आएका छन् । त्यतिबेलादेखि नै महाकाली नदी माथिको पुलको बाटो बन्द छ । दिउँसो केही मिनेट बाटो खुले पनि अहिले फेरि बन्द भएको उनले बताए ।

जुन ७ तारिखको दिन भारत धारचुलाका कमलेश दानुको चक्कु प्रहार गरी हत्या भएको थियो ।

उनको हत्यामा संलग्न व्यक्तिलाई पक्राउ गरी कारबाहीको माग गर्दै गत शनिबार अनुवाल समुदायका अध्यक्ष गुमान सिंह विष्ट नेतृत्वको टोलीले पिथौरागढका उपजिल्ला अधिकारी मनजित सिंहलाई ज्ञापनपत्र बुझाएको थियो । साथै उनीहरुले धारचुला बन्द र नेपाल-भारत सीमा पुल बन्द गर्ने घोषणा गरेका थिए ।

# त्रिविमा कडाइ : मन्त्रिपरिषद् र राष्ट्रपतिबाट बाहेक अरू नियुक्तिमा काज बिदा नदिइने

**काठमाडौं-** त्रिभुवन विश्वविद्यालयले काज बिदालाई कडाइ गरेको छ । त्रिविको कार्यकारी परिषद्ले मन्त्रिपरिषद् र राष्ट्रपतिबाट बाहेक अरु नियुक्तिको लागि काज बिदा नदिने निर्णय गरेको छ ।

प्राध्यापकहरू प्रदेश, गाउँपालिका, नगरपालिका र विभिन्न संघ संस्थामा नियुक्ति खान जाँदा त्रिविको पठनपाठन प्रभावित भएकाले कडाइ गरेको हो । 'अब मन्त्रिपरिषद् र राष्ट्रपतिबाट बाहेक अरु काज बिदा नदिने निर्णय गरेका छौं,'

» बाकी ६ पृष्ठमा

जन आकाश राष्ट्रिय साप्ताहिक Jana Aakash National Weekly
वर्ष -१७, अंक- ४२, २०८२ साल असार ३ गते मंगलबार (JUN 17, 2025)

# राजा महेन्द्र-माओत्सेतुङ्का दूत पूर्वमन्त्री खगेन्द्रजंगको निधन



**पोखरा–** तत्कालीन राजा महेन्द्र शाहका विश्वास पात्र र पञ्चायतकालीन मन्त्री खगेन्द्रजंग गुरुङको निधन भएको हो।

उनी १९८८ को शिवरात्रिमा जन्मिएका थिए र उपचारका क्रममा बिहान नर्भिक अस्पतालमा निधन भएको छ।

खगेन्द्रजंगले राजा महेन्द्रको चिठी लिएर चिनियाँ नेता माओ-त्से तुङलाई भेट्न पुगेका थिए र उनी तत्कालीन समयमा उपमन्त्री थिए।

पोखरा- तत्कालीन राजा महेन्द्र शाहका विश्वास पात्र तथा पञ्चायतकालीन मन्त्री लमजुङका खगेन्द्रजंग गुरुङको निधन भएको छ । १९८८ को शिवरात्रिमा जन्मिएका लमजुङका घनपोखराका खगेन्द्रजंगको नर्भिक अस्पताललमा उपचारका क्रममा सोमबार बिहान निधन भएको हो ।

छोरी उमा गुरुङअनुसार, उपचारका क्रममा सोमबार बिहान सवा ५ बजे उनको निधन भएको र वौध संस्कृतिअनुसार अन्त्येष्टि समेत भइसकेको छ ।

‘उहाँ केही दिनदेखि नर्भिक अस्पतालमा उपचाररत हुनुहुन्थ्यो । बिहान सवा ५ बजे निधनपछि पशुपतिमा वौध संस्कृतिअनुसार अन्तेष्टिसमेत गरिसकेका छौं,’ छोरी उमाले भनिन् ।

खगेन्द्रजंग यस्ता दुर्लभ पात्र हुन्, जसले तत्कालीन राजा महेन्द्रको चिठी लिएर लामो यात्रा गर्दै चिनियाँ कम्युनिस्ट नेता माओ-त्से तुङलाई भेट्न पुगेका थिए । उनले माओसँग भेटेर उताबाट पनि पत्र ल्याएर महेन्द्रलाई दिएका थिए ।

महेन्द्र र माओका दूत खगेन्द्रजंग पञ्चालतकालमा २०१७ र २०२२ सालमा उपमन्त्री बनेका थिए । महेन्द्रले खगेन्द्रजंग मार्फत नै गुरुङ समुदायमा निर्दलीय व्यवस्था लागू गराउन र मनाङमा भूमि सुधार ऐन लागु गराउनसमेत काम गरेका थिए ।

राजा महेन्द्रको प्रिय पात्र भनिएका खगेन्द्रजंगको पछि भने दरबारसँग दूरी बढेको थियो । पछिल्लो समय उनी जातीय आन्दोलन तथा अधिकारको लडाईंमा थिए ।

बहुदलपछि जनजाति पार्टीका अध्यक्षसमेत बनेका खगेन्द्रजंगले खालेको दललाई निर्वाचन आयोगले मान्यता दिएको थिएन । उनको श्रीमतीको दुई वर्ष अगाडिमात्रै निधन भएको थियो ।

उनका एक जना छोरासमेत यसअघि नै हङकङमा बितेको थियो भने अर्को छोरा पनि विदेश नै रहेको परिवार स्रोतले जनाएको छ । उनका ४ छोरी छन् ।

खगेन्द्रजंग पछिल्लो समय ज्येष्ठ नागरिक सेवा केन्द्रमा बस्दै आएका थिए । उनको निधनसँगै नेपाली राजनीतिक इतिहासको एउटा खम्बा ढलेको उनका आफन्तसमेत रहेका प्राडा जगमान गुरुङ बताउँछन् ।

# क्रिप्टो कारोबारलाई वैधानिक बनाऔं : सांसद घिमिरे




**काठमाडौं–** नेकपा एमालेका सांसद बासुदेव घिमिरेले क्रिप्टो करेन्सी कारोबारलाई नेपालमा वैधानिकता दिनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बजेटमाथिको सामान्य छलफलमा बोल्दै उनले आगामी बजेटमा क्रिप्टो कारोबारलाई थप नियन्त्रण गर्न खोजिएकोमा असहमति जनाउँदै वैधानिकता दिएर करको दायरामा ल्याउनुपर्ने तर्क गरेका छन् ।

क्रिप्टो कारोबारलाई वैधानिक मान्यता दिएर नियमन र करको दायराभित्र ल्याएमा कर प्रणालीमा नयाँ स्रोत थपिने उनको भनाइ छ ।

अमेरिका, जापान, भारत, अष्ट्रेलिया लगायत ५० बढी मुलुकमा क्रिप्टो कारोबारलाई नियमनसहित वैधानिक मान्यता दिइएको उदाहरण दिंदै सांसद घिमिरेले नेपालमा पनि वैधानिकता दिएर करको दायरामा ल्याउनुपर्ने बताएका छन् ।

‘हाल नेपालमा क्रिप्टो कारोबारलाई गैरकानूनी मानिएको छ, आगामी वजेट कार्यान्वयनमा अझै कडाई गरिने उल्लेख छ तर वास्तविकता के छ भने यसको अनियन्त्रित विस्तारले अर्बौं रुपैयांको अवैध कारोबार मौनरुपमा चलिरहेको छ’, घिमिरेले भने ।

राज्यले नियन्त्रण गर्न नसकेको यस्ता कारोबारमा कर नउठेको भन्दै उनले भने, ‘न पारदर्शिता देखिएको छ, तर अन्तर्राष्ट्रिय अभ्यासमा हेर्दा अमेरिका, जापान,जर्मनी,सिंगापुर,भारत, युके, अष्ट्रेलिया लगायत ५० बढी मुलुकले क्रिप्टो कारोबारलाई नियमन सहित वैधानिक मान्यता दिएका छन् ।’

क्रिप्टो कारोबारलाई वैधानिक मान्यता दिए अवैध कारोबारलाई नियन्त्रणमा लिन सकिने भन्दै उनले डिजिटल अर्थतन्त्रको यात्रामा नेपालले पनि फड्को मार्न सक्ने बताए ।

सांसद घिमिरेले भ्रष्टाचारको मूल थलो भन्सार भएको टिप्पणी गर्दै भन्सारमा सुशासन नभएसम्म राजस्वको लक्ष्य हाँसिल हुन नसक्ने दाबी गरे ।

सांसद घिमिरेले स्थानीय तहको संख्या घटाएर ५०१ मात्रै बनाउनुपर्ने पनि बताएका छन् । यसो गर्दा वार्षिक करिब ३० अर्ब खर्च कम हुने उनको तर्क थियो ।

पृष्ठ १ बाट जारी

## बजेट सक्न...

वेलादेखि गर्दै आउदा नसकेर निरन्तर भएको अवस्थामा सर्वसाधरण जनताले आरोप लगाउने डाउँ पाउदैनन थिए । जव असार १ गते लागेपछि हत्तार हतारमा काम गर्न थालेपछि जनताले आरोप लगाउनु स्वभाविक हो । त्यसैले यस्ता नकरात्मक बन्दै गएको असारे विकासको मोडल चेन्ज गरेर समयमा नै काम गर्ने वानीको विकास र प्रणाली बनाई नेपालमा असल शासनको शुरुवात गरेर निरासा बोक्दै विदेशी भूमिका रहेका युवापुस्तालाई समेत नेपाल सुध्रिएको छ । आशा नेपालमा नै छ । सम्भावना नेपालमा छ । बन्यो भन्ने आधार तयार गर्न सक्नुपर्छ । त्यो काम सरकारले गरोस् ।

पृष्ठ १ बाट जारी

## सूचना प्रविधि...

रहेको उल्लेख गरे । ‘सरकार सूचना प्रविधि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा तयार छौं, यसका लागि निजी क्षेत्रको सहकार्य जरुरी छ।’ उनले भने ।

मन्त्रालयका सचिव राधिका अर्यालले आइटी क्षेत्रमा युवा प्रोत्साहन गर्न मन्त्रालयले आइटी इन्टर्नसिपका लागि बजेट नै छुट्याएको बताइन् ।

कार्यक्रममा सहभागी सरोकारवालाले प्रदेश र स्थानीय तहको सहकार्यमा यस क्षेत्रको विकास गर्न सुझाव दिए ।

पृष्ठ १ बाट जारी

## प्रधानमन्त्रीको स्पेन भ्रमण...

संयुक्त राष्ट्र संघीय विकासका लागि वित्त कार्यक्रमको चौथो सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री ओली स्पेन जान लागेका हुन् ।

उक्त सम्मेलनमा संयुक्त राष्ट्रसंघमा आबद्ध मुलुकका राष्ट्र प्रमुख र सरकार प्रमुखहरूको सहभागिता रहनेछ ।

पृष्ठ ५ बाट जारी

## त्रिविमा कडाइ...

उपकुलपति प्रा.डा खड्ग केसीले भने ।

त्रिविको शिक्षक कर्मचारी सेवा सम्बन्धि नियम २०५० मा काजमा पठाउन सकिने भन्ने व्यवस्था छ । त्रिविको नियममा कुनै शिक्षक वा कर्मचारीलाई विश्वविद्यालयको एक सङ्गठन वा निकायबाट अर्को सङ्गठन वा निकायमा र विश्वविद्यालयबाहिरको कुनै सरकारी वा गैरसरकारी कार्यालयमा काजमा पठाउन सकिने व्यवस्था थियो । यो नियमलाई त्रिविले कडाइ गर्न लागेको हो ।

प्राध्यापकहरू नियुक्ति खान जाँदा आंशिक र करार प्राध्यापक राख्नु पर्ने बाध्यता त्रिविलाई छ । जसका कारण त्रिविलाई आर्थिक भार परेको छ ।

अन्तराष्ट्रिय

# इरानले मिसाइल हानेपछि इसराइलमा धेरै क्षति



**काठमाडौं–** इरानले इसराइल विरूद्धको आक्रमणमा शनिबारदेखि नयाँ प्रविधि र उन्नत क्षमताको ब्यालिस्टिक मिसाइल प्रयोग गरेको दाबी गरेको छ ।

इरानको सरकारी समाचार संस्था फार्सले इसराइल विरूद्धको तेस्रो चरणको हमलामा इरानले शनिबार रातिदेखि आइतबार बिहानसम्म हाज कासेम प्रशिक्षित ब्यालिस्टिक मिसाइल प्रयोग गरेको जनाएको छ ।

इरानी रक्षा मन्त्री जनरल अजिज नासिरजादेहले सरकारी टेलिभिजनलाई बताएअनुसार यो मिसाइलले अमेरिकी सेनाको टर्मिनल हाइ अल्टिच्युड डिफेन्स थाड र इसराइलले प्रयोग गर्ने प्याट्रियट मिसाइल डिफेन्स र अन्य रक्षा प्रणालीलाई छल्न सक्छ ।

उक्त मिसाइलको नाम इस्लामिक रिभोलुसनरी गार्ड कोरको कुद्र्स फोर्सका पूर्वकमान्डर कासिम सुलेमानीको सम्मानमा राखिएको थियो ।

यो मिसाइल सन् २०२० को अगस्टमा पहिलोपटक सार्वजनिक गरिएको र गएको मे महिनामा हालका रक्षामन्त्री नासिरजादेहले यसको उन्नत संस्करणको उद्घाटन गरेका थिए भनेर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले लेखेका छन् ।

इरानको तस्निम समाचार एजेन्सीका अनुसार यो ठोस इन्धनमा आधारित छ । यसले १ हजार २०० किलोमिटरको दूरीसम्म मार हान्न सक्छ र मिसाइल रक्षा प्रणालीलाई छल्न सक्ने म्यानुभरेबल वारहेडले सुसज्जित छ ।

इरानले शुक्रबारदेखि नै इसराइलमाथि जबाफी हमला गरे पनि शनिबार रातिबाट भने त्यहाँ तुलनात्मक रूपमा क्षति बढी भएको छ ।

तेल अभिभबाट दक्षिणमा रहेको तटीय सहर बातयाममा शनिबार राति ठूला(ठूला भवनहरु ध्वस्त भएका छन् । ती भवनहरुमा मानिसहरू पनि पुरिएको हुनसक्ने आकलन छ ।

टाइम्स अफ इसराइलले बात यामको अपार्टमेन्ट भवन ध्वस्त हुँदा ८ जनाको मृत्यु भएको जनाएको छ । त्यहाँ २० जना अझै बेपत्ता रहेको भनिएको छ । साथै २०० जना भन्दा बढी मानिसहरू घाइते भएको टाइम्स अफ इसराइलको समाचारमा उल्लेख छ ।

इसराइलका राष्ट्रपति आइज्याक हर्जोगले आइतबारको बिहानीलाई अत्यन्तै कठिन र दुःखदायी बिहानी भनेका छन् ।

आतंककारी इरानको हमलाबाट बातयाम, तम्रा र अन्य वस्तीहरूमा हमला भएका छन् । यहुदी, अरबी, आप्रवासीहरू, वृद्ध, महिला र बालबालिकाहरूहरूलाई लक्ष्य गरी हमला गरिएको छ । उनको भनाइ उद्धृत गरेर टाइम्स अफ इसराइलले लेखेको छ ।

आइतबार बिहान राजधानी तेल अभिभ र जेरूसलेममा विस्फोटका ठूला आवाजहरू सुनिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

आइतबारसम्म इसराइली अस्पतालहरुमा धेरै घाइतेहरूलाई उपचारका लागि पुऱ्याइएका छन् । घाइतेहरूमध्ये केहीको अवस्था गम्भीर रहेको छ ।

इरानले इसराइलविरूद्धको जबाफी हमलामा शुक्रबार बिहान ड्रोन, बेलुकी मिसाइल, रकेट र ड्रोन हानेको थियो । शनिबारदेखि भने उसले नयाँ प्रविधिको मिसाइल प्रयोग गरेको बताएको छ ।

इसराइले शुक्रबारको पहिलोपटक गरेको हमलामै इरानमा वरिष्ठ सैन्य अधिकारीसहित ८० जनाको मृत्यु भएको थियो भने तीन सय जनाभन्दा बढी मानिसहरू घाइते भएका थिए ।

# इजरायलमा रहेका नेपालीको अवस्थाबारे परराष्ट्रमन्त्री राणाले लिइन् जानकारी



**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपालका लागि इजरायली राजदूतसँग भेट गरी इजरायल र इरानबीचको युद्धबाट विकसित परिस्थितिबारे जानकारी लिएकी छन् ।

नेपालका लागि इजरायलका राजदूत स्मगलर एरी बाससँग परराष्ट्र मन्त्रालयमा सोमबार भएको भेटमा मन्त्री राणाले युद्धको अवस्थामा इजरालमा रहेका नेपालीको अवस्थाबारे जानकारी लिएकी हुन् ।

मन्त्री राणाले युद्धको अवस्थामा नेपाली नागरिक असुरक्षित रहेको भन्दै सुरक्षित अवस्थाका लागि आवश्यक सहायताको पहल गरिदिन राजदूत बासलाई आग्रह गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

राजदूत बासले इजरायलमा रहेका नेपालीहरू सुरक्षित रहेका जानकारी गराएका थिए । उनले युद्धको अवस्थाबारे जानकारी गराउँदै इजरायलमा रहेका नेपालसहित सबै देशका नागरिकको सुरक्षामा इजरायल सरकार गम्भीर रहेको बताएका थिए ।

इजरायल र इरानबीच युद्धको अवस्था निम्तिएपछि आइतबार परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेर इजरायल र इरानमा रहेका नेपालीहरू सुरक्षित रहेको जानकारी गराएको थियो ।

## बाढी र पहिरोबाट जोगिऔं

बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला ( औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्रष्टा मिलनमा गङ्गाको लघुकथा माथि विमर्श सम्पन्न




**स्रष्टा मिलन**

**काठमाडौं–** गङ्गबुको आयोजनामा लघुकथाकार गङ्गा खड्काका नयाँ र पुराना सृजनाहरूमाथि अन्तरङ्ग विमर्श गरिएको छ।

द लङ्का क्याफे, वसुन्धरामा आयोजित कार्यक्रममा गङ्गाको लघुकथासङ्ग्रह 'झङ्कार' माथि साहित्यिक विमर्श र परिचर्चा गरिएको हो।

लघुकथाकार एन्जल निलुबाट गङ्गा खड्काको 'रहस्य' लघुकथा वाचनबाट कार्यक्रम सुरुभएको थियो। वाचित 'रहस्य' लघुकथामाथि लघुकथाकार ध्रुवराज थापा पुरुषले लघुकथाको मानक तथा तत्वका आधारमा समीक्षात्मक टिप्पणी गरेका थिए।

त्यसैगरी लघुकथा समाजकी सदस्य तारा के.सी.ले लघुकथा 'समय' वाचन गरेकी थिइन। 'समय' मा रहेर साहित्यकार विवेक गौतमले समय कस्तो कथा हो र ! यसका विशेषता र सन्देश के कस्ता छन् ? गङ्गाका कथाले दिने सन्देश र कथाको सार के हो भन्ने बुझ्न सकिने बताउनुभयो।

उक्त कार्यक्रममा सर्जक गङ्गा खड्काले लघुकथा 'शक्ति' वाचन गरेका थिए। 'शक्ति'माथि टेकेर लघुकथाकार कुमुद शर्मा प्याकुरेलले आफ्नो समीक्षात्मक मन्तव्य राख्दै गङ्गाका कथाहरू रसिला-पोसिला, चोटिला र पोटिला रहेको बताए। उनले कथामा भाषाशैली र वर्णविन्यासमा केही ध्यान दिनसके कथा उत्कृष्ट रहेका छन्, भन्नुभयो।

'कथाकार गङ्गा खड्काका लघुकथाहरू पढेर नथाकिने छन् भन्नुहुँदै गङ्गा पारिवारिक घटना र पृष्ठभूमिमा सामाजिक यथार्थवादी कथालाई सरल ढङ्गमा लेख्नसक्ने एउटा सशक्त नारी स्रष्टा हुन्' सात्यिकार तथा पत्रकार उमेश पाण्डेले बताए।

लघुकथा प्रतिष्ठान नेपालका संस्थापक एडमिन मनोहर पोखरेलले शुभकामना मन्तव्य राख्दै सरल र सामाजिक यथार्थवादी कथाकार गङ्गाका लघुकथाहरू पाठकका रोजाइमा पर्दै आएकाले नै पाठकहरूको माग अनुसार सम्पादक/प्रकाशकहरूले उनका कथाहरूलाई पहिलो प्राथमिकतामा राखेर प्रकाशन र प्रसारण गर्दै आएको बताए। स्रष्टालाई उसको व्यक्तित्वले भन्दा उसको सिर्जनाले चिनाउनुपर्ने कुरालाई जोड दिए।

डा.शैलेन्दुप्रकाश नेपालले आफ्नो धारणा राख्दै गङ्गाको समग्र व्यक्तित्वलाई कथा लेखनले उचो बनाउँदै लगेको र नेपाली लघुकथाको क्षेत्रमा गङ्गाको भविष्य उज्ज्वल रहेको बताए। डा.नेपालले नेपाली लघुकथामा गुणात्मकभन्दा सङ्ख्यात्मकमा बढी ध्यान जान थालेकोमा चिन्ता व्यक्त गर्दै लघुकथा छोटो, मीठो र यथार्थपरक हुँदै गुणात्मक पक्षमा विशेष रहनुपर्ने बताए।

कार्यक्रमको सञ्चालन तथा सहजीकरण गर्नुहुने लघुकथाकार दीपक लोहनीले स्रष्टा गङ्गा खड्काको व्यक्तित्व र कृतित्वका बारेमा विवेचनात्मक प्रस्तुति दिएका थिए। खड्काको लघुकथाले यथार्थवादी सामाजिक विषयको उठान गर्दै परिवारभित्रको नारी मनोविज्ञान पस्किएको बताए। गंगाका लघुकथामा रहेको कालदोष हटाउने हो भने उनीका लघुकथाहरू थप अब्बल रहने पनि बताए।

कार्यक्रमको अन्त्यमा सर्जक गङ्गा खड्काले आफ्ना आगामी सिर्जनाहरूलाई परिमार्जन र परिस्कृत गर्न आजका सल्लाह र सुझावहरूले निकै मद्दत पुऱ्याउने बताउँदै प्राप्त विचारहरूलाई अक्षरस पालन गर्दै जाने प्रतिबद्धता समेत गरेका थिए।

स्रष्टा मिलनले साहित्यिक कार्यक्रममा उपस्थित व्यक्तिहरूले ताली मात्र बजाउने परम्पराको अन्त्य गर्दै उपस्थित हरेक व्यक्ति नै वक्ता बन्ने परिपाटीको सुरुवात गरेको छ।

# "सिटामोल"को "झुम्का कानैमा" गीतमा सौगात र बेनिशाको ठुम्का



आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सिटामोल'को पहिलो गीत 'झुम्का कानैमा' सार्वजनिक गरिएको छ। सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक उक्त गीतमा बाबुल गिरी र शान्तिश्री परियारको स्वर, बाबुल स्वयंको संगीत तथा गोविन्द भट्टको शब्द रचना छ। प्रेमिल भावना अभिव्यक्त भएको गीतमा गायन, शब्द र संगीतको संयोजन उत्कृष्ट छ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र बेनिशा हमाल नृत्य गर्दै देखिएका छन्। उनीहरु पश्चिमेली पहिरनमा प्रस्तुत छन्। भिडियोमा प्रप्सको रुपमा प्रयोग गरिएको फूलको माला (सयपत्री) र पश्चिमेली पहिरनमा निर्माताले ठूलो खर्च गरेको देखिन्छ। त्यसले भिडियोलाई आकर्षक पनि बनाएको छ।

गीत सार्वजनिक कार्यक्रममा निर्देशक राजबहादुर सानेले 'सिटामोल'ले आफ्नो करिअर बदल्ने दाबी गरे। उनले भने, 'यो हामीले एकदमै दुःखले बनाएको फिल्म हो। म दाबी गरेर भन्न सक्छु कि 'सिटामोल'ले मेरो करिअर बदल्नेछ। मैले बनाएको अहिलेसम्मकै राम्रो फिल्म हो यो।' 'सिटामोल'ले नेपाली समाजको यथार्थ कथालाई प्रस्तुत गरेको उनको भनाइ छ।

निर्देशक साने र प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक,भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल, बाल कलाकारहरु करण नेपाली र आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ।

सिमोस सुनुवारको प्रस्तुति रहेको फिल्ममा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता तथा गंगाराम श्रेष्ठ सह-निर्मातामा छन्। यसमा दिव्यराज सुवेदीको छायांकन, बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन तथा देव महर्जन र शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको छ।

# २५ लाखको फिल्म गर्दै अनमोल !



नेपालका महंगो अभिनेतामध्ये एक हुन्, अनमोल केसी। फिल्म 'फर्की फर्की'मा उनलाई ५० लाख पारिश्रमिक तिरेको प्रमाण निर्माताले नै सार्वजनिक गरेका थिए। एउटै फिल्ममा ५० लाख लिने उनी नै पहिलो नेपाली कलाकार हुन्। उनी जति महंगो पारिश्रमिक लिन्छन्, त्यतिकै महंगो बजेटमा बन्छन् उनका फिल्म पनि। उनका पछिल्ला हरेक फिल्मको लागत ३ करोडमाथि छ।

तर, अब अनमोलले करिअरकै सस्तो बजेटको फिल्ममा काम गर्ने भएका छन्। त्यो फिल्म हो, 'बाटुलो जून'। चलचित्र विकास बोर्डमा यो फिल्म दर्ता गर्दा बजेट २५ लाख उल्लेख गरिएको छ। त्यसो त फिल्मको लागत कम देखाउन प्रायः निर्माताले बोर्डमा अनुमानितभन्दा आधा कम बजेट राख्ने गरेका छन्। जसले गर्दा फिल्म रिलिजपछि थोरै आम्दानीमा 'हिट' घोषणा गर्न सहज हुन्छ।

'बाटुलो जून'को बजेट बोर्डमा २५ लाख उल्लेख गरिए पनि छायांकनमा ५५-६० लाख खर्च हुनसक्ने अनुमान निर्माण पक्षले गरेको स्रोत बताउँछ। यति कम लागतमै यो फिल्म बन्न सक्ने केही आधार छन्। पहिलो, अनमोलले पारिश्रमिक नलिइ काम गर्दैछन्। दोस्रो, निर्देशन र अभिनय गर्न लागेका भुवन केसीले पनि पारिश्रमिक लिने छैनन्। झण्डै एक करोड बजेट यसबाटै जोगिएको छ।

भुवन स्वयंले निर्देशन गर्न लागेको भए पनि 'बाटुलो जून' अनमोलको होम प्रोडक्सन कम्पनी 'सुपर काजल फिल्म्स'बाट निर्माण हुन लागेको होइन। बोर्डमा सनराइज पिक्चर्सबाट फिल्म दर्ता गरिएको छ। निर्मातामा जिया केसीको नाम छ। बुझिए अनुसार फिल्मको सम्पूर्ण आर्थिक भार जियाले उठाउँदैछिन्। जिया तिनै हो, जो लामो समयदेखि भुवनसँग 'लिभिङ रिलेसनसिप'मा छिन्।

'बाटुलो जून'मा अनमोल गाउँले भूमिकामा देखिने जनाइएको छ। त्यसका लागि उनले जुँगा पालेका छन्। यही असार दोस्रो साता मकवानपुरको चित्लाङमा फिल्मको पहिलो चरणको छायांकन गरिँदैछ। यसपछि अनमोलले 'जेरी अन टप'को गीत सकाएपछि दोस्रो चरणको छायांकन सुरु गरिने जनाइएको छ। 'बाटुलो जून'लाई यसै वर्षको अन्त्यसम्म रिलिज गर्ने योजनामा निर्माण पक्ष छ।

# "रियाल रिङ्गेट" टिजर : विदेशमा युवाहरूले भोग्नुपरेको यातनाको कथा



वैदेशिक रोजगारीको कठोर यथार्थतामा आधारित रहेर बनेको फिल्म 'रियाल रिङ्गेट'को मर्मस्पर्शी टिजर सार्वजनिक गरिएको छ। आगामी साउन १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको २ मिनेटभन्दा लामो टिजरमा नेपाली युवाहरूको सपना, सङ्घर्ष, पारिवारिक विछोड र प्रवासमा भोग्नुपर्ने दुःखलाई देखाइएको छ।

नेपालमा रोजगारीको समस्याले विदेशिन बाध्य युवाहरूको पीडा र परिवारसँगको वियोगलाई प्रमुख रूपमा प्रस्तुत गरिएको टिजरमा प्रवास पुगेपछि विभिन्न षड्यन्त्रमा परेर चरम यातना भोगिरहेका युवाहरूको मार्मिक दृश्यहरू पनि समेटिएको छ। यसले वैदेशिक रोजगारीको चम्किलो आवरणभित्र लुकेका अँध्यारा पाटोहरूलाई उजागर गर्छ।

विभोर पोखरेलको निर्देशनमा तयार भएको फिल्ममा प्रमोद चौलागाईं, नीता ढुङ्गाना, छुल्टिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरी लगायतको अभिनय रहेको छ। फिल्मको लेखन प्रदीप भारद्वाजले गरेका हुन्।

गगनलाल प्रधान निर्माता रहेको फिल्म रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायाङ्कन, विपिन मल्लको सम्पादन, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर तथा राजीव समरको कोरियोग्राफी छ। फिल्मका गीतहरूमा रामचन्द्र काफ्ले, किरण तुलाधर र चन्दन ध्वज केसीको संगीत रहेको छ भने सुगम पोखरेल, केतन क्षेत्री, रामचन्द्र काफ्ले र जुनु रिजालको स्वर सुन्न सकिनेछ।

# "कन्नप्पा" ट्रेलर : भगवान् शिव बने अक्षय कुमार, प्रभासको रूद्र अवतार

बलिउड र साउथका ठूला स्टारहरूको अभिनय रहेको फिल्म 'कन्नप्पा'को ट्रेलर सार्वजनिक गरिएको छ। तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ। एउटा कट्टर नास्तिक कसरी भगवान् शिवको भक्त हुन्छ भन्ने कथामा फिल्म आधारित रहेको ट्रेलरबाट बुझ्न सकिन्छ। आक्रमणकारीहरूबाट वायुलिंगलाई बचाउन नास्तिक पात्रले गरेको संघर्ष ट्रेलरमा देखाइएको छ।

ट्रेलरमा अभिनेता अक्षय कुमारलाई भगवान् शिवको रुपमा देख्न सकिन्छ, जसले उनको पछिल्लो फिल्म 'ओएमजी २'को याद ताजा गराउँछ। तमिल अभिनेत्री काजल अग्रवाल पार्वती (महादेवकी पत्नी)को भूमिकामा छिन्। ट्रेलरमा 'बाहुबली' स्टार प्रभास भने रुद्र बनेर देखिएका छन्। कट्टर नास्तिकलाई आफ्नो सबैभन्दा ठूलो भक्त बनाउन भगवान् शिवले रुद्रलाई पठाएको ट्रेलरमा देखिन्छ।

मुकेश कुमार सिंहको निर्देशनमा तयार भएको 'कन्नप्पा'मा अक्षय, प्रभास र काजलसहित विष्णु मान्चू, मोहन बाबू, मोहनलाल, ब्रह्मानन्दम, शरत कुमार, अर्पित रांका, सप्तगिरी, मुकेश ऋषि, मधुबाला, ऐश्वर्या भास्करन, ब्रह्माजी, देवराज लगायतको अभिनय छ। ट्रेलर हेर्दा फिल्मको कथा विष्णु मान्चूमा केन्द्रित रहेको देखिन्छ। उनी नै कट्टर नास्तिकबाट शिवको ठूलो भक्त बनेका छन्।

हिन्दीसहित तमिल, तेलुगु, मलयालम र कन्नड भाषामा तयार भएको फिल्मको निर्माण मोहन बाबूले गरेका हुन्। कलाकारको बलियो लाइनअपका कारण 'कन्नप्पा'ले यस वर्षकै सबैभन्दा ठूलो कमाइ गर्न सक्ने अनुमान गरिएको छ। २ सय करोड भारुमा निर्माण भएको यो फिल्म यही जुन २७ तारिख अर्थात् असार १३ गतेदेखि प्रदर्शन हुँदैछ। नेपालमा भने यसको प्रदर्शन अन्योल छ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४२, २०८२ साल असार ३ गते मंगलबार (JUN 17, 2025)

# दिपलले पार गऱ्यो पाच लाख युनिट डेलिभरीको कोशेढुंगा

**काठमाडौं–** सांघाई-चांगान अटोमोबाइल अन्तर्गतको न्यु इनर्जी भेहिकल ब्रान्ड दिपलले विश्वभर डेलिभरीको संख्या पाँच लाख युनिट पार गरेको छ ।

गएको मे महिनामा मात्र दिपलको २५ हजार पाँच सय २१ युटिन इभी विक्री भएको थियो जुन गत वर्ष मेमहिनाको तुलनामा ७८ प्रतिशतले बढी हो भने यो वर्षको अप्रिलको तुलनामा २७ प्रतिशतले बढी हो । हाल दिपल ब्रान्ड अन्तर्गत एसएल ०३, एस ०७, जी ३१८, एल ०७, एस ०५ र एस ०९ गरी पाँच मोडेल विक्री वितरण भइरहेको छ । यसमध्यै दिपल ए ०९ औपचारिक रुपमा गएको मे २२ मा सार्वजनिक भएको छ ।

६ सिट भएको ठूलो आकारको एसयुभी दिपल एस ०९ पाँच वटा ट्रिममा उपलब्ध छ । एस ०९ हार्मोनी स्पेस ५ स्मार्ट ककपिट सिस्टम भएको पहिलो कार हो । यसमा १६:९ एस्पेक्ट रेसियो २१.४ इन्चको ३के सिलिंग माउन्टेड रियर इन्टरटेन्मेन्ट सिस्टम छ जसलाई ० देखि ७५ डिग्रीसम्म टिल्ट गर्न सकिन्छ ।

इन्फोटेन्मेन्ट सिस्टममा डाइनामिक पानोरामिक साउन्ड, किड्स एक्सक्लुसिभ असिस्टेन्ट, किड्स एक्सक्लुसिभ असिस्टेन्ट, कस्टमाइजेबल सिन ब्लक्स र स्पासियल म्याजिक क्युब फंक्सन पनि रहेको छ । साथै यसमा हुवावेको कियान कुन इन्टेलिजेन्ट एडीएस ३.३ ड्राइभिंग असिस्टेन्ट सिस्टम रहेको छ । दिपलले यो वर्षको अन्तसम्ममा एस ०९ मा एडीएस४ अपग्रेड गर्ने बताएको छ ।




डब्लुईडब्लुए आर्किटेक्चरमा बन्ने नयाँ एडीएस ४ सिस्टममा एन्ड टु एन्ड ल्याटेन्सी ५० प्रतिशत, ट्राफिक इफिसेन्सी २० प्रतिशतले बढाउनुका साथै हार्ड ब्रेकिंग फ्रेक्वेन्सी ३० प्रतिशतले घटाउने छ ।

दिपलले आउँदो वर्ष चीनमा तीन सय वटा नयाँ एक्सपिरियन्स सेन्टर बनाउने योजना बनाएको छ । दक्षिणपूर्व एसिया र मध्य पूर्व बजारमा प्रवेश गरिसकेको दिपलले यो वर्ष युरोपमा प्रवेश गरिसकेको छ ।

गत मेमा आयोजना भएको दिपल ब्रान्ड नाइटमा सिईओ डेंग चेन्घाओले स्मार्ट लिड २०३० विश्व नीति सार्वजनिक गरेका थिए जसमा सन् २०३० सम्ममा विश्वभर २० लाख कार विक्री गर्ने लक्ष्य लिइएको छ । यो योजना अन्तर्गत चांगानले ३० वटा नयाँ मोडेल सार्वजनिक गर्नेछ ।

# पोखरामा यामाहा ब्लू फेस्ट २०८२ को सुरुवात - असार १ देखि ६ गतेसम्म चल्ने

**काठमाडौं–** नेपाल - २०८२ असार १स् नेपालकै सबैभन्दा ठूलो दुईपांग्रे एक्सचेन्ज महोत्सव "यामाहा ब्लू फेस्ट" आज पोखराको सृजनाचोक (एनसेल सेन्टर अगाडि) एक भव्य उद्घाटन समारोहसहित औपचारिक रूपमा सुरु भएको छ ।

असार १ गतेदेखि ६ गतेसम्म चल्ने यो महोत्सवमा जुनसुकै ब्रान्डका जुनसुकै बाइक आकर्षक भ्यालुएसन र अफरहरू सहित सहजै एक्सचेन्ज गर्न पाइनेछ ।

असार १ देखि ६ गतेसम्म चल्ने रोमाञ्चक कार्यक्रममा कुनै पनि ब्रान्डका कुनै पनि बाइकलाई उत्कृष्ट मूल्याङ्कन र फाइदाहरूका साथ साट्ने अवसर प्राप्त हुनेछ । यामाहा ब्लू फेस्टमा निम्न विशेष अफरहरू समावेश छन् :

.जुनसुकै ब्रान्डका जुनसुकै बाइक एक्सचेन्ज गर्न मिल्ने ।

. यामाहा बाइक वा स्कुटरमा न्यूनतम रु.५०,००० को मूल्यांकन ।

.अन्य ब्रान्डमा न्यूनतम रु.२५,००० को मूल्यांकन (कर चुक्ता अनिवार्य) ।

.एक्सचेन्जमा अतिरिक्त रु. १०,००० बोनस ।

. रु.६,००० सम्मको नगद छुट ।

.फ्री एक्सेसरिजहरू ।

. निःशुल्क आर्थिक वर्ष ०८२८३ को सडक कर भुक्तान ।

. गारण्टरबिना सहज फाइनान्सिङ सुविधा ।

चाहे दैनिक यात्रा गर्ने यात्रु होस्, रेसिङप्रेमी होस् वा एडभेन्चर खोज्ने साहसी राइडर, यामाहा नेपालले हरेक प्रकारका यात्रुहरूका लागि बनाइएका विविधतायुक्त र शक्तिशाली बाइक तथा स्कुटरहरू प्रस्तुत गर्दै आएको छ ।

ब्व्क्ष प्रमाणित ७१.३३ कि ।मी । प्रतिलिटरको माइलेज रहेको नेपालकै सबैभन्दा बढी माइलेज दिने स्कुटर च्वथश्च १२५ ँक्ष ज्थदचष्म देखि स्टाइलिश र स्पोर्टी लुकसहितको थ्कबजब च्१५ ख्४ सम्म, यामाहाले आफ्नो स्तर सधैं उच्च राखेको छ ।

सडकमा दमदार उपस्थिति चाहनेहरूले :त-१५ ख्२ र ँश ख्३ सिरिज रोज्न सक्छन् भने स्पोर्टी डिजाइनसहितको पर्फर्मेन्स स्कुटरको रूपमा ब्भचयह १५५ ले आफ्नो फरक पहिचान बनाएको छ । अफ- रोडका लागि धच्१५५च जस्ता भरपर्दा बाइकहरू पनि उपलब्ध छन् ।

यामाहाका यी सम्पूर्ण सवारी साधनहरूमा प्रयोग गरिएको उच्चस्तरीय जापानी प्रविधिले सुरक्षित, कुशल र रोमाञ्चक राइडिंग अनुभव प्रदान गर्दछ ।

यामाहा ब्लू फेस्ट केवल सवारी साधन एक्सचेन्ज कार्यक्रम मात्र होइन, यो सवारी संस्कृतिको उत्सव पनि हो, जसमा इनोभेसन, फन र कम्युनिटी बीचको सम्बन्ध मिसिएको छ । त्यसैले तपाईं




आफ्नो बाइक अपग्रेड गर्न खोजिरहनुभएको छ अथवा केवल फेस्टिभलको मजा लिन चाहनुहुन्छ भने, यो हप्ता यामाहा ब्लू फेस्ट पोखरा नै तपाईंको लागि सहि गन्तव्य हुन सक्छ ।

एमएडब्लु राइड्सको नेतृत्वमा रहेको यामाहा नेपाल देशको सबैभन्दा भरपर्दो र प्रतिष्ठित दुईपांग्रे ब्रान्डमध्ये एक हो जो आफ्नो अत्याधुनिक प्रविधि, उच्च प्रदर्शन र ग्राहक सन्तुष्टिप्रतिको प्रतिबद्धताका लागि परिचित छ । यामाहाले निरन्तर रूपमा उत्कृष्ट प्रविधि र सेवाको सीमा फैलाउँदै देशभर नै उत्कृष्ट राइडिंग एक्सपिरियन्स प्रदान गरिरहेको छ ।

# यामाहा नेपालद्वारा उत्कृष्ट सेल्स प्रतिभालाई सम्मान गर्दै नेसनल सेल्स स्किल कन्टेस्ट २०८२ सम्पन्न




**काठमाडौं–** यामाहा नेपालले टु ह्विलरको सेल्स एक्सलेन्सलाई पहिचान गर्न र यसको उत्सव मनाउन देशभरका यामाहा डिलरहरू बीचको आन्तरिक प्रतिस्पर्धा, नेसनल सेल्स स्कील कन्टेस्ट २०८२ आयोजना सम्पन्न गरेको छ ।

२५ जेठमा आयोजित यस कन्टेस्टले देशभरका शीर्ष बिक्री पेशेवरहरूलाई एकै ठाउँमा ल्याएको थियो जसले तीव्र क्षेत्रीय प्रतिस्पर्धाहरू मार्फत नेसनल फाइनलमा आफ्नो स्थान हासिल गरेका थिए ।

यामाहा नेटवर्कभित्र बिक्री क्षमताको मूल्याङ्कन र सुधार गर्ने उद्देश्यले आयोजना गरिएको यस प्रतियोगिता अटो बेसिक्स, उत्पादनको ज्ञान, प्रतिस्पर्धाको जानकारी, बिक्री प्रक्रिया, भाइभा र उत्पादन प्रदर्शन गरी छ वटा मुख्य विधामा आधारित थियो । एक दिनको तीव्र प्रतिस्पर्धा र व्यापक मूल्याङ्कनपछि उत्कृष्ट तीन प्रतिभाहरूले उपाधि जित्न सफल भए ।

.समुन्द्र पंगेनी - भी.ए.डब्लू इन्टरप्राइजेज, पोखरा -विजेता, नगद रु.३०,०००

. प्रमिला श्रेष्ठ - एल.एस. इन्टरप्राइजेज, ललबन्दी -फर्स्ट रनरअप, नगद रु. २०,०००

. विकास रञ्जितकार - द ह्विल्स, सल्लाघारी -सेकेन्ड रनरअप, नगद रु. १०,०००

सबै नेसनल फाइनलिस्टहरूलाई उनीहरूको मेहनत, पेशागत प्रतिबद्धता र यामाहाको कस्टमर फर्स्ट फिलोसोफीप्रति समर्पणको कदरस्वरूप प्रमाणपत्र, ट्रफी र पदक प्रदान गरियो ।

पुरस्कारहरू एमएडब्लु राइड्सका कार्यकारी निर्देशक तथा सी,ई.ओ. दीपक कुमार अग्रवाल र ह्युमन रिसोर्स विभाग प्रमुख शम्भु प्रसाद कोइरालाले वितरण गरे । सो अवसरमा बोल्दै सीईओ अग्रवालले भने, "हाम्रा जनशक्ति नै यामाहा नेपालको सफलताको मुख्य आधार हुन् । यो प्रतियोगिता केवल प्रतिस्पर्धा मात्र होइन, हाम्रा सेल्स प्रोफेसनलहरूको अनुशासन, उत्साह र ज्ञानको उत्सव पनि हो ।

एक उच्च-प्रविधियुक्त विश्वस्तरीय ब्रान्ड हुनुका नाताले यामाहा निरन्तर सिकाइ र क्षमता विकासमा विश्वास राख्दछ । एमएडब्लु राइड्सले आफ्ना जनशक्तिमा निरन्तर लगानी गर्नेछ किनकि उनीहरू नै यामाहाको विश्वव्यापी गुणस्तरलाई ग्राहक अनुभवमा रूपान्तरण गर्ने आधारहरू हुन् ।"

एमएडब्लु राइड्सको नेतृत्वमा यामाहा नेपाल आज नेपालकै सबैभन्दा भरपर्दो र प्रतिष्ठित दुईपांग्रे सवारी ब्रान्डमध्ये एक बनेको छ । उन्नत जापानी प्रविधि, भरपर्दो सेवा र उत्कृष्ट आफ्टर सेल्स सर्भिससहित यामाहाले प्रदर्शन, शैली र ग्राहक सन्तुष्टिमा नयाँ मापदण्ड स्थापित गरिरहेको छ । ब्रान्डले देशभर उच्चस्तरीय ग्राहक अनुभव दिन र दक्ष जनशक्ति विकास गर्न निरन्तर प्रतिबद्धता जनाउँदै आएको छ ।

# नाडा प्रतिनिधिमण्डलद्वारा अर्थमन्त्रीलाई अटो शो उद्घाटनका लागि आग्रह



**काठमाडौं–** नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधी मण्डलले माननीय उपप्रधान मन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसंग भेटगरी आउदो भाद्र ३ गतेदेखि ८ गतेसम्म काठमाण्डौको भृकुटी मण्डप परिसरमा आयोजना हुने १७औं संस्करणको नाडा अटो शो २०२५ को प्रमुख अतिथिको रुपमा उद्घाटन गरी दिन औपचारिक रुपमा आग्रह गरेको छ ।

उक्त भेटघाट तथा छलफलमा अध्यक्ष चौधरीले धेरै समयको अन्तराल पछि नेपालको अटोमोवाइल क्षेत्र लगायत समग्र नीजिक्षेत्र मैत्री बजेट आएको बताउनु भयो । सोहि छलफलको क्रममा नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले नेपालमा पहिलो पटक सिमरामा सवारी साधन मेनुफेक्चरिङ्ग उद्योग खोल्ने तयारी भईरहेकोले त्यस्ता उद्योगलाई टेवा पुग्ने नीति आउनु पर्ने, यस्ता मेनुफेक्चरिङ्ग उद्योगलाई थप सुविधा उपलब्ध गराउनु पर्ने र नीतिमा स्थिरता ल्याउनका लागि आग्रह गर्नु भयो ।

छलफलको अन्त्यमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले नाडाको राखेको उक्त आग्रहलाई सहर्ष स्वीकार गर्दै नेपालका अटोमोवाइल व्यवसायीहरुले धेरै भन्दा धेरै राजश्व उपलब्ध गराएर सरकारलाई सहयोग गर्नु पर्ने बताउनु भयो । उक्त छलफलमा नाडाका महासचिव सुरेन्द्रकुमार उपरेती सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल तथा एशोसिएशन सचिव सुरेन्द्र प्रधान समेतको उपस्थिति रहेको थियो ।

# आईएमई हस्पिटालिटीका होटलहरूमा SCT–UPI कार्डबाट भुक्तानी गर्दा विशेष छुट

**काठमाडौं–** नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (SCT) र नेपालकै उत्कृष्ट होटल ग्रुपहरू मध्य पर्ने आईएमई हस्पिटालिटी (IME Hospitality) कार्डका ग्राहकहरूलाई ग्रुप अन्तर्गतका होटेलमा १५% सम्मको छुट हुने सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौता पश्चात यहि जुन १, २०२५ देखि डिसेम्बर ३१, २०२५ सम्म लाजिम्पाट स्थित होटेलले हिमालय र साके एंड फेंग, तथा पोखरा स्थित लेकसाइड रिट्रिटमा SCT–UPI कार्डका ग्राहकले कार्डबाटै भुक्तानी गरेमा फूड एंड बेभेरेज बिलमा तथा रुमको महसुल दरमा १५% छुट पाउनु हुनेछ ।

रुम महसुलमा छुट एइक् मा हुने कारोबारमा मात्र उपलब्ध हुनेछ । एससीटीले हाल २१ वटा बैंक तथा वित्तीय संस्था र १०० भन्दा बढी सहकारी संस्थाहरू मार्फत SCT- UPI कार्ड जारी गर्दै आइरहेको छ । यो अफर मार्फत कार्डको अधिकतम प्रयोग गराउने र कार्डमार्फत नगदरहीत कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्य रहेको छ ।




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार